# जनजागरण पार्टी नेपालको
# चुनाव घोषणा पत्र-२०७०

**आदरणीय देशवासी दिदी-बहिनी तथा दाजु-भाइहरू,**

नेपाली जनताले निरन्तर संघर्षशील भई लडेका आन्दोलनहरूबाट प्राप्त सम्पूर्ण उपलब्धीहरूलाई संस्थागत गर्नका लागि देशको परिवर्तित राजनीतिक व्यवस्थालाई अझ व्यवस्थित, विकसित र मर्यादित तुल्याउने प्रतिबद्धतासहित ***जनजागरण पार्टी नेपाल*** निम्नअनुसारको चुनाव घोषणा-पत्र प्रश्तुत गर्दछः

## १. प्रस्तावना

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक र भौगोलिक विविधताका साथै प्राकृतिक सौन्दर्यताले सजिएको एक स्वतन्त्र मुलुक हो। यहाँ शदिऔं अघिदेखि एकीकरणको अभियानमा एउटै विशाल नेपालको सृजना गरी एकात्मक राज्यव्यवस्था सञ्चालन गर्न थालियो। यो देश विभिन्न जातजाति, भाषाभाषी र सँस्कृतिका फूलहरूले सजिएको एउटै मुलुक भए तापनि यहाँको शासनसत्ता एकल जातीय, एकल भाषिक, एकल धार्मिक, एकल साँस्कृतिक हातमा कुण्ठित बन्दै आयो। शाही राजसंस्था, जहानीया राणा र निरंकुश एवं निर्दलीय पञ्चायती व्यवस्था हुँदै अहिलेसम्मको कर्मचारीतन्त्र र राजनीतिक नेतृत्वमा समेत त्यही पुरानो प्रवृत्ति यथावत देख्न सकिन्छ। विभेदकारी शासन व्यवस्थाविरूद्ध पटकपटक मुक्तिका अर्थपूर्ण आवाजहरू बुलन्द हुँदैगर्दा अहिले विकसित अवस्थामा संघीयताको नाममा जातीय सङ्कीर्णता र वैमनस्यता फैलाउने घृणित गतिविधिहरू पनि देखिए। ठूला भनिएका राजनीतिक दलहरूले नेपाली जनतालाई निर्लज्जतापूर्वक धोकामा अल्मल्याएको कुरा दोहोऱ्याउनुपर्दैन। २००७ सालदेखि क्रमसः प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्रको नारामा नेपाली जनतालाई माछो-माछो भ्यागुतो बनाउनेभन्दा बढी केही नगरेको अवस्थामा आइपुग्दा, अब हुन लागेको संविधानसभाको दोस्रो आमनिर्वाचनबाट गठन हुने संविधानसभाले निर्माण गर्ने नयाँ संविधानमा नेपाली नागरिकका हक-अधिकार सुनिश्चित गर्नका निम्ति ***जनजागरण पार्टी नेपाल*** यस चुनावी घोषण-पत्रमार्फत् आफ्ना उद्देश्य, सिद्धान्त, नीति र कार्यक्रमहरू तपाईंसमक्ष घोषणा गर्दछ।

राजनीतिक व्यवस्था परिवर्तनका निम्ति सम्पन्न जन आन्दोलनका अनेक कालखण्डहरूमा संघर्षका मोर्चामा अग्रणी भूमिका निर्वाह गर्ने सम्पूर्ण देशभक्त कर्तव्यनिष्ठ नागरिकहरू, समाजसेवी, महिला, युवा र विद्यार्थीहरू, मानव अधिकारकर्मी, न्यायकर्मी, स्वास्थ्यकर्मी र सञ्चारकर्मीहरू, मजदुर-किसान, शिक्षक-प्राध्यापक र बुद्धिजीवीहरू, इञ्जिनियर, उद्यमी र व्यापारीहरू, साहित्यकार, कलाकार एवं विज्ञ-विदूषीहरू लगायत सबै पेशा र व्यवसायमा संलग्न भएर नेपाली जनताको सुन्दर, शान्त र समृद्ध देश हेर्ने चाहना र सो चाहना पूरा गर्नका लागि जागृत भैरहेको लोकतान्त्रिक चेतना, संघर्ष र संकल्पका निम्ति सबैप्रति हार्दिकतापूर्वक न्यानो अभिवादन व्यक्त गर्दै संविधानसभाको लागि हुन लागेको आसन्न दोस्रो आमनिर्वाचनको पूर्वसन्ध्यामा यो चुनावी घोषणा-पत्र प्रश्तुत गरिएको छ।

अमूल्य प्राकृतिक स्रोतहरूले सुशोभित हाम्रो देश नेपाल विश्वकै निम्ति सबै असल कुराहरूको उच्च नमूना बन्नुपर्ने थियो। यहाँ प्राप्त हुने जडीबुटी, नदीनाला, हिम सृंखला, वनजङ्गल, तालतलैया र पहाड-तराईको सुन उब्जनी हुने मलिलो माटोजस्ता विश्वमै दूर्लभ प्राकृतिक स्रोतले धपक्क सजिएको र पुर्खाहरूका अति गौरवमय तथा बलिदानी कथाहरूले सिँगारिएको हाम्रो देशका हामी नागरिकहरू अहिले किन अन्यौल, निराश र निरिह बाँचिरहेका छौं ? यस प्रश्नको जवाफमा हामी एकै स्वरमा बोल्न मुख खोल्छौं– “अस्थीर, अराजक र अनियन्त्रित बन्दै गरेको राष्ट्रिय राजनीति।” हो, ***जनजागरण पार्टी नेपाल*** यिनै प्रश्नहरूको सही, सशक्त र सगर्व जवाफका लागि आम नेपाली मतदातासामु आएको छ।

हाल राष्ट्रिय राजनीतिमा देखिएको विचलन, अराजकता, हिंसा, निरन्तरको असफलता, नैराश्यता र गतिहीन, अन्यौल, दर्शनहीन तथा विध्वंशकारी एवं विभेदकारी राजनीतिक व्यवहारलाई तत्काल निरूत्साहित गर्दै सही अर्थमा भौतिक, बौद्धिक, सामाजिक, न्यायिक, वैज्ञानिकसाथै धार्मिक चिन्तनलाई प्राथमिकता दिने, असल, चरित्रवान र उच्च नैतिकता, तथा अनुशासित जीवनशैली प्रदर्शन गर्ने, मुलुकका निम्ति निःस्वार्थ सेवा, बलिदानी योगदान, मुलुक, माटो र नागरिक हितको निम्ति सदा तत्पर रहने राजनीतिकर्मी तथा राष्ट्रसेवकहरूको खाँचो अहिले अझै बढेर गएको छ। यही राष्ट्रिय खाँचो पूरा गर्ने एकमात्र चाहना र उद्देश्यसाथ ***जनजागरण पार्टी नेपाल***को उदय भएको हो।

नेपाली जनतामाझ बढ्दै आएको राजनीतिक चेतना सँगसँगै मुलुकमा दीगो शान्ति तथा न्यायपूर्ण समाजको स्थापना र देशको समग्र विकासको चाहना हरेक चेतनशील नेपालीमा बढ्दैजानु स्वाभाविक ठहर्छ। विभिन्न चरणहरू पार गर्दै र बदलिइँदै आइरहेको राष्ट्रिय राजनीतिको कारण पनि नेपाल देशको सामाजिक, आर्थिक, भौतिक,

बौद्धिक र आध्यात्मिक उन्नतिको परिकल्पना हरेक नेपालीका मनमा प्रगाढ बन्दै आइरहेको छ। सुन्दर देश, शान्त र समुन्नत समाज, अनि सोका लागि दीगो विकासका उपायहरू पहिल्याउँदै मुलुकलाई अग्रगामी बाटोमा अघिबढाएर जनतालाई भौतिक, नैतिक एवं बौद्धिक समृद्धितर्फ डोऱ्याउने दर्शन बोकेको सक्षम, सशक्त, जागरूक, नैतिकवान चरित्रको परिश्रमी तथा देशभक्त नागरिकहरूको एउटा राष्ट्रिय राजनीतिक दल बनोस् र सोही राजनीतिक दलको अगुवाइमा मुलुकले सही मार्गदर्शनसहितको प्रगतिपथमा कदम बढाओस् भन्ने आम नेपाली जनताको हृदयको चाहना पूरा गर्न ***जनजागरण पार्टी नेपाल*** अहिले नेपाली जनतासामु विनम्रतासाथ प्रश्तुत भएको छ।

मुलुक, माटो र जनताप्रति बफादार रहँदै राष्ट्रसेवाको कर्तव्यका लागि गरिइने राजनीतिक जिम्मेवारीप्रति इमान्दार र कर्तव्यनिष्ठ नागरिकका हैसियतले राष्ट्र, राष्ट्रियता, मुलुक र जनताको सेवा गर्न प्रतिबद्ध नागरिकहरूको अग्रसरतामा एउटा राष्ट्रिय राजनीतिक अभियान अघि बढाएर प्राकृतिक वरदानहरूले सजिएको देश नेपाललाई अझै **सुन्दर, शान्त र समृद्ध** बनाउने अठोटका साथ ***जनजागरण पार्टी नेपाल*** चुनावी मैदानमा सहभागी भएको छ।

आफैंले गरेका सार्वजनिक प्रतिबद्धता र प्रतिज्ञाहरू आफैंले बेवास्ता गर्दै समग्र मुलुकप्रति नै धोकापूर्ण नाटक मञ्चन हुने गलत राजनीतिक परम्परा तोड्न, राजनीतिमा नीति-विधिको राज स्थापित गर्न, समाजमा न्याय र शान्ति पुनर्स्थापना गर्नका लागि क्षमा र मिलापको उपायलाई व्यवहारिक तुल्याउँदै सबै किसिमका अमानवीय क्रियाकलापहरूलाई क्रमसः निरुत्साहित गर्दै नेपाल राष्ट्र र नेपाली नागरिकप्रति सदा बफादार राजनीतिक दलका रूपमा आफूलाई उभ्याउन र एउटा सच्चा, इमान्दार, जिम्मेवार र कर्तव्यनिष्ठ नागरिक दलको हैसियतले देशलाई उन्नतिको मार्गमा अबिरल दौडाउने राष्ट्रिय अभियानको नेतृत्व लिन ***जनजागरण पार्टी नेपाल*** नयाँ दर्शन, पृथक चरित्र र अदम्य अठोटसहित चुनावी दौडमा सहभागी भएको छ।

**आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,**

***जनजागरण पार्टी नेपाल***को गठन मुलुकमा सत्यवाद, न्याय, समानता तथा समावेशी लोकतन्त्रवादमा साँचो मानवीय नैतिकतावादलाई स्थापित गर्दै प्रगतिशील राजनीतिक संस्कार निर्माण गर्नका लागि हो। त्यसर्थ पनि यो पार्टी अबको नेपाली राष्ट्रिय राजनीतिमा सशक्त विकल्प बन्ने छ। लामो समयसम्म देशमा व्याप्त सबैखाले समस्याहरूको खास कारण यहाँको दिग्भ्रमित राजनीति नै भएको हुनाले त्यसलाई साँचो अर्थमा सही दिशातर्फ परिवर्तन गर्ने नयाँ सोच, अठोट र सही मार्गदर्शन पहिल्याउँदै यो पार्टी **स्वतन्त्र संघीय-लोकतान्त्रिक समृद्ध र सुन्दर राष्ट्र नेपाल** निर्माण गर्ने दर्शनमा सदैव लागिरहने छ।

## २. जनजागरण पार्टी नेपालका उद्धेश्यहरू

सृष्टिकर्ताका संरचनाहरू एवं मानवीय जीवनका लागि प्राकृतिक मूल्य- मान्यताहरूको सम्मान गर्दै उच्च आदर्शयुक्त तथा मौलिक श्रेष्ठतायुक्त तथा राष्ट्रको सर्वाङ्गीण विकास र समृद्धिका लागि ***जनजागरण पार्टी नेपाल***ले निम्नानुसारका उद्देश्यहरू पूरा गर्ने लक्ष्य लिएको छः

- राष्ट्रिय एकता, अखण्डता र जनताको सार्वभौम अधिकारलाई अक्षुण्ण राख्दै नयाँ गणतान्त्रिक नेपालको संविधान यथाशीघ्र लेख्ने-लेखाउने ।
- नयाँ संविधानमा हरेक जाति, वर्ग, लिङ्ग, धर्म, समुदाय र क्षेत्रको समान अधिकार ग्यारेण्टी गर्ने ।
- पूर्ण धार्मिक स्वतन्त्रतासहितको धर्म निरपेक्षमा आधारित लोक कल्याणकारी राज्य स्थापना गर्ने ।
- ऐतिहासिक, भौगोलिक एवं राष्ट्रिय गौरवका सम्पदाहरू र स्थानीय मानव संसाधनको सामर्थ्यजस्ता महत्वपूर्ण विषयका वैज्ञानिक आधारमा संघीय राज्यव्यवस्था स्थापना गर्ने ।
- कानुनी राज्यको स्थापना र सुशासनको ग्यारेण्टी गर्ने ।
- नागरिक समानतामा आधारित मौलिक हक-अधिकारको ग्यारेण्टी गर्दै साँचो प्रेम, शान्ति र न्यायमा आधारित समाजको स्थापनाबाट **सुन्दर शान्त समृद्ध नेपाल** निर्माण गर्ने ।
- राष्ट्रिय हितमा अविछिन्न खडा रहने, निरन्तर सकारात्मक परिवर्तनको बाटोमा लम्किँदै आर्थिक उन्नति तथा भौतिक पूर्वाधारको निर्माण गर्दै विश्वकै समृद्ध राष्ट्र नेपाल बनाउने ।
- स्थानीय-राष्ट्रिय स्रोत, साधन र जनशक्तिको उच्चतम प्रयोग तथा परिचालन गर्दै राष्ट्र निर्माणमा निरन्तर लागिरहने ।
- राष्ट्रिय स्वाधिनता, अखण्डता र सुरक्षा कायम राख्न अटल र अपराजित रहिरहने । देशको राष्ट्रिय स्वाधिनता र स्वाभिमान माथि अन्तराष्ट्रिय हस्तक्षेपको अन्त्य गर्ने ।
- सबै छिमेकी राष्ट्रहरूबीच समान व्यवहार एवं सद्भाव तथा समदूरीको सम्बन्ध कायम राख्ने र वैदेशिक सम्बन्धलाई सदैव आपसी हितका लागि उपयोग गर्ने ।
- संसदीय पद्धतिमा आधारित उच्चतम् राजनीतिक संस्कार र सभ्यताको विकास गर्दै विश्वकै नमूनायोग्य मुलुकको स्थापना गर्ने ।

- स्वावलम्बी, व्यवहारिक तथा व्यवसायिक शिक्षा प्रणाली लागू गर्ने ।
- सबैका लागि गुणस्तरीय स्वास्थ्यको व्यवस्था गर्ने र स्वास्थ्य सेवामा सबैको समान पहुँच पुऱ्याउने ।
- लैंगिक विभेदसाथै महिला हिंसाको अन्त्य गरी सुरक्षाको पूर्ण प्रत्याभूति गर्ने । महिला तथा युवा स्वरोजगारको व्यवस्था गरी वेरोजगारी तथा वैदेशिक रोजगारीमा हुने ठगी तथा शोषण अन्त्य गर्ने ।
- कृषि सहकारी, पर्यटन, यातायात, वनपैदावार तथा जलस्रोत आदिको विकास गरी स्वपालित, स्वशासित, स्वचालित समृद्ध राज्य बनाउने ।
- आमूल परिवर्तनः देश विकासमा अति महत्व राख्ने चार क्षेत्रहरूको भौतिक पूर्वाधार विकासमा मुख्य प्राथमिकता तोक्ने, जस्तैः १) कृषि-सहकारी, २) पर्यटन, ३) जलस्रोत र ४) यातायात (सडक, तार, रेल र हवाइ)।

***आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,***

***जनजागरण पार्टी नेपाल***ले आफ्नो पृथक पहिचान कायम राख्नेछ । खासगरी सहज वा असहज परिस्थितिमा लिइने राजनीतिक निर्णयबाट यस पार्टीले कदापि हिंसाको उपाय चयन गर्ने छैन । कुनै पनि व्यवस्थाको परिवर्तनका लागि अहिंसात्मक उपाय एकमात्र स्वस्थ राजनीतिक अभ्यास हो । मानव सभ्यतालाई सुसँस्कृत तुल्याइराख्न अहिंसा, प्रेम र सेवाद्वारा निर्देशित व्यवहार अपरिहार्य हुन्छ । त्यसकारण यस पार्टीले आत्मसात् गरेका उद्देश्यहरू प्राप्त गर्न अहिंसा, प्रेम, सत्यता र सेवालाई नै सदा आफ्नो राजनीतिक आदर्श मान्ने छ । अर्थात्, ***जनजागरण पार्टी नेपाल*** बन्द-हड्तालको पक्षमा कहिल्यै उभिइने छैन र सो गतिविधिमा लाग्ने अन्य कुनै दल वा समुहसित सहकार्यसमेत गर्नेछैन ।

## ३. जनजागरण पार्टी नेपालको राजनीतिक सिद्धान्त

सही र व्यवहारिक राजनीतिक सिद्धान्तबिनाको राजनीति स्थीर र प्रगतिशील हुन सक्दैन । यही अभावमा नेपाली राजनीति छिनछिनमा रूप बदलिने रोगले ग्रसित भएको छ । जनआकांक्षाको सही सम्बोधन गर्नका लागि संघात्मक राज्य व्यवस्थालाई संस्थागत गर्दै गणतान्त्रिक लोकतन्त्रमा आधारित समृद्ध राष्ट्र नेपालको निर्माणमा अग्रगामी भूमिका निर्वाह गर्न ***जनजागरण पार्टी नेपाल***ले आदर्श समाजवादको मार्गदर्शन अँगालेको छ ।

## ४. जनजागरण पार्टी नेपालका निर्देशक सिद्धान्तहरू

***जनजागरण पार्टी नेपाल***ले आधारभूत निर्देशक सिद्धान्तका रूपमा आफ्नो

झण्डाको रातो पृष्ठभूमिमा अंकित सातवटा सेता छकुने ताराहरूलाई परिभाषित गरेको छ, जसअनुसार यसका निर्देशक सिद्धान्त निम्नबमोजिम हुनेछन्ः

क. **राष्ट्रियताः** राष्ट्रप्रतिको प्रेम र निष्ठामा प्रतिबद्ध नागरिक क्रियाशीलताले मुलुकमा राष्ट्रियता दरिलो बनाउँछ। सार्वभौम र स्वतन्त्र भूगोलमा रहेका सम्पूर्ण मानिसहरूप्रतिको सम्मानपूर्ण दृष्टिकोण तथा व्यवहार राष्ट्रियता हो। हरेक नागरिकले निःस्वार्थ सेवा, त्याग र परोपकारको भावनाबाट आपसमा व्यवहार गर्दा राष्ट्रियता अझ उच्च बन्छ। राष्ट्रियताको भावनाले नै राष्ट्रलाई सबल, सक्षम र सार्वभौम शक्तिसम्पन्न बनाउँछ। राजनीतिमा राष्ट्रियता अत्यन्तै महत्वपूर्ण कुरो हो। कुनै व्यक्ति वा दललाईभन्दा राष्ट्रलाई नै सदैव उच्च प्राथमिकतामा राख्दा राष्ट्रियता प्रबल बन्छ। स्वतन्त्र, स्वाधीन एवं सार्वभौम राष्ट्रको अस्तित्व त्यहाँका सम्पूर्ण जनतामा राष्ट्रियताप्रतिको अक्षुण्ण भावनाले मात्रै कायम राख्दछ। राष्ट्रप्रेम नागरिकको मूल कर्तव्य हो। राष्ट्रियताबिना स्वतन्त्र राष्ट्रको परिकल्पना गर्न सकिन्न। अहिलेको राजनीतिक संक्रमणकालको आडमा नेपाली राष्ट्रियता जोखिममा परेको छ। त्यसर्थ राष्ट्रियता तथा राष्ट्रप्रतिको प्रेम, सम्मान र बफादारिता प्रत्येक नागरिकमा प्राथमिकताको विषय बन्नुपर्दछ। यस पार्टीले गर्ने अहम् निर्णय र काम-कार्वाहीमा सधैं राष्ट्रिय स्वार्थमाथि उच्च सम्मान एवं प्राथमिकता प्रकट भैरहने छ। त्यसर्थ नेपाल र नेपाली अस्तित्वको संरक्षण गर्न ***जनजागरण पार्टी नेपाल***ले राष्ट्रियताको भावना अक्षुण्णरूपमा कायम राख्नेछ।

ख. **आदर्श समाजवादः** समाजमा विद्यमान आर्थिक विषमता हटाई समता ल्याउनुपर्छ र देशको सम्पूर्ण प्राकृतिक, भौतिक एवं बौद्धिक स्रोत-साधनलाई सबैको साझा सम्पत्तिको मान्यता दिई यस्ता सामाजिक सम्पत्तिमाथि कसैको पनि एकलौटी अधिकार हुन नदिने र समाजको उन्नति तथा मानव कल्याणका लागि सबैले मिलेर गरेको परिश्रमबाट उत्पादन र उपभोगमा संलग्न समाजमा सबैको साझा अधिकार रहनुपर्छ भन्ने राजनीतिक सिद्धान्त समाजवाद हो। राजनीतिक सिद्धान्तमा मुख्यरूपमा स्वीकारिएका वादहरू प्रकृतिवाद, मानवतावाद र भौतिकवाद हुन् र यी तीनवटै वादहरूको निरन्तर संयोजनबाट तय गरिएको राजनीतिक-आर्थिक सिद्धान्त आदर्श समाजवाद हो। मानव विकासको एउटा सौम्य, समृद्ध र समतामूलक अवस्था समाजवादले ग्यारेण्टी गर्छ। त्यसर्थ आम नागरिकहरूको समान पहुँच र अधिकारमा राष्ट्रिय सुबिधा उपलब्ध गराउँदै विभेदशून्य समाज स्थापनाको दर्शन यस पार्टीले लक्ष्य गरेको राजनीतिक-आर्थिक मार्गदर्शन नै आदर्श समाजवाद हो। त्यही आदर्श समाजवादका लागि

नेपाली जनताको अटूट चाहनालाई स्थापित गर्ने काम ***जनजागरण पार्टी नेपाल***ले गर्नेछ ।

ग. **संघीय लोकतन्त्रः** दोस्रो जनआन्दोलन २०६२-०६३ पश्चात् आम नेपाली जनताको मुख्य चाहना नै संघीयता हो । अन्तरिम संविधान २०६३ को मूल मर्मलाई मूर्तरूप दिन ***जनजागरण पार्टी नेपाल***ले संघीयताको विषयलाई गम्भीररूपमा लिएको छ। यस पार्टीले राष्ट्रियतालाई अक्षुण्ण राख्दै लोककल्याणकारी संघीय गणतान्त्रिक समृद्ध राज्य व्यवस्थाको मार्ग अवलम्बन गर्नेछ। संघीयता ल्याउँदा ऐतिहासिकता, पहिचान र सामार्थ्यजस्ता आधारहरूको विकल्प नरहेको ठहर गरी ***जनजागरण पार्टी नेपाल*** कर्पोरेटिभ संघीयताको मोडेलमा ७ वटा प्रदेशहरू हुनुपर्छ भन्ने प्रस्ताव गर्दछ। यो पार्टी हरेक नेपाली जीवनलाई सार्थक र सफल बचाइको साँचो अनुभूति गर्न पाउने व्यवस्थाको ग्यारेण्टी गर्दछ। यो पार्टी मानव अधिकारसम्बन्धी अन्तरराष्ट्रिय अभिसन्धीहरू तथा जनताका मौलिक अधिकारको प्रत्याभूति, सुरक्षा र ग्यारेण्टी गर्नमा सदा लागिरहने छ। स्वतन्त्ररूपमा निर्वाचित जनप्रतिनिधिहरू सम्मिलित संसदीय व्यवस्था, जनउत्तरदायी कार्यपालिका र स्वतन्त्र न्यायपालिकाबीचको सन्तुलनसहितको कानुनी राज्य नै उत्कृष्ट लोकतान्त्रिक राज्यव्यवस्था हुन सक्दछ।

घ. **स्वतन्त्रताः** मानव अधिकारको विश्वव्यापी घोषणा-पत्र १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानूनद्वारा व्यवस्थित र परिभाषित मानव अधिकारसम्बन्धी सम्पूर्ण हकहरूको ग्यारेण्टीले जनताको स्वतन्त्रताको रक्षा गर्दछ । नागरिक कर्तब्यसहितको स्वतन्त्रताले देशमा सबैको आत्मसम्मान उच्च राख्ने गतिलो वातावरण तयार पार्दछ । बिनास्वतन्त्रता मानिसले आफू पूर्णरूपमा बाँचेको अनुभूति गर्न पाउँदैन । त्यसैले ***जनजागरण पार्टी नेपाल*** हरेक नागरिकले स्वतन्त्रतापूर्वक जिउन पाउनुपर्छ भन्ने मान्यता राख्दछ ।

ङ. **न्यायः** समान न्याय प्रदान गर्नु नै राज्यको खास धर्म हो । पुराना राजनीतिक व्यवस्थाहरूबाट विभिन्न बहानामा कुण्ठित पारिएका जनतालाई न्याय प्रदान गर्नमा जनजागरण पार्टी नेपाल सदैव लागिरहने छ । मान्छे-मान्छेबीच हुने सबैखाले भेदभाद, छुवाछूत तथा असमान अस्तित्व रहिरहेसम्म समाजमा, देशमा र सिङ्गो विश्वमा नै न्याय स्थापित हुन सक्दैन। मानव समाजमा समानताको व्यवहारले शान्ति कायम राख्दछ र स्वतःस्फूर्त सामाजिक शान्तिले न्यायको प्रत्याभूति गराउँदछ। त्यसकारण, समानता, निस्पक्षता र विधिको शासनलाई सर्वोच्च प्राथमिकतामा राखेर ***जनजागरण पार्टी नेपाल***ले सदा काम गर्नेछ।

**च. धार्मिकताः** साँचो धार्मिकताले राष्ट्रको सम्मान बढाउँछ। धर्मले मानव जीवनलाई सत्यवादी, परोपकारी र जनकल्याणकारी बनेर जिउने विश्वासिलो आधार तयार गर्दछ। त्यसर्थ आफूले इच्छाएको कुनै पनि धर्म मान्न, अवलम्बन तथा अभ्यास गर्ने पूर्ण धार्मिक स्वतन्त्रताको उपभोग गर्न सम्पूर्ण नागरिकहरूले पाउनुपर्छ । यसरी इश्वरको भयमा रही परोपकारी भावनाबाट आफ्ना छिमेकीहरूको सेवा गर्ने, कमजोरहरूको हितमा सक्रिय रहने र आध्यात्मिक चिन्तनमा आधारित भौतिक विकासको मार्ग अवलम्बन गर्ने कार्यमा ***जनजागरण पार्टी नेपाल*** सदा क्रियाशील रहने छ।

**छ. पारदर्शिताः** पारदर्शी व्यवहारले मानिसलाई भ्रष्ट आचरणबाट मुक्त राख्दछ। पारदर्शिताको अभावले नै राज्य सञ्चालनका सवालमा समग्र मुलुक अन्यौलतर्फ धकेलिएको छ । अपारदर्शी व्यवहारले राष्ट्रसेवकहरूलाई इमान्दार बन्न निरूत्साहित गर्दछ। त्यसर्थ, जनसरोकार तथा राष्ट्रिय सवालसित जोडिइने आर्थिक-सामाजिक क्षेत्रमा हुने हरेक महत्वपूर्ण निर्णय तथा क्रियाकलापहरूलाई सधैं पारदर्शी राख्न ***जनजागरण पार्टी नेपाल*** प्रतिबद्ध रहनेछ।

## ५. जनजागरण नेपालको राजनीतिक कार्यदिशा

***जनजागरण पार्टी नेपाल*** साँचो अर्थमा लोकतान्त्रिक तथा समावेशी पार्टी हो। यसमा समाजसेवी, सञ्चारकर्मी, बुद्धिजिवी, उद्यमी-व्यवसायी, कलाकार, साहित्यकार, मजदुर, किसान, युवा, महिला, शिक्षक, विद्यार्थी आदीवासी, जनजाति, धर्मावलम्बी (हिन्दु, मुश्लिम, ख्रीष्टियन, किराँत, बुद्धिष्ट, जैन), उत्पीडित, उपेक्षित तथा सीमान्तकृत जाति वा समुदाय, भूमिहीन-सुकुम्वासीसाथै सबै वर्ग, क्षेत्र र पक्षहरूलाई आ-आफ्नो हक अधिकारको निम्ति पार्टीमा प्रतिनिधित्व हुनेगरी निर्वाचन सम्पन्न गराई हरेक जाति, वर्ग, लिङ्ग, धर्म तथा समुदायको उत्कृष्ट चाहना र भावनालाई सम्मानपूर्ण समावेश गराई उचित सम्बोधन गरिनेछ।

## ६. जनजागरण पार्टी नेपालका आधारभूत मूल्य-मान्यताहरू

### *क) सृष्टिकर्ताको भय, सृष्टिको संरक्षण र सदुपयोग*

सारा ब्रम्हाण्ड सृष्टिकर्ता इश्वरको सुन्दर रचना हो। सृष्टिका यावत् थोकहरू उनै सृष्टिकर्ता परमेश्वरको इच्छा र योजनाअनुसार अस्तित्वमा आएका हुन्। मानवजाति यस सृष्टिकै सर्वोच्च प्राणी हो । मानिस इश्वरको यस सृष्टिको

जिम्मेवार कारिन्दा पनि हो। सृष्टिको संरक्षण र सदुपयोग गर्नु मानिसको अहम् कर्तव्य ठहर्दछ। उसले निर्वाह गर्नुपर्ने सबै जिम्मेवारीमा सृष्टिकर्ताको भय मान्ने हो भने सम्पूर्ण प्राणीजगत्मै न्याय स्थापित हुन्छ। त्यसर्थ आफूले गर्नुपर्ने सबै कार्यमा इश्वरको भय मान्नु मानवमात्रको प्राथमिक दायित्व हो। इश्वरको भय मान्ने मानिसमात्रै कर्तव्यशील, नैतिकवान, असल चरित्र र अनुशासित अनि न्यायी र धर्मी हुनसक्छ। मानिसले व्यक्तिगत जीवनभन्दा माथि उठेर गर्ने सबैखाले धार्मिक, सामाजिक, आर्थिक तथा राजनीतिक सेवाको क्षेत्रमा आफूलाई इश्वरको भयमा विनम्र प्रश्तुत गर्नुपर्छ। यसरीमात्रै सारा जगत्मा न्याय र शान्ति कायम रहन सक्दछ भन्ने विश्वास ***जनजागरण पार्टी नेपाल***को हो।

### ***ख) सिर्जनशीलता, सहकार्य र सहकारिता***

मानिसले सदैव सकारात्मक सिर्जनशीलता कायम राख्नुपर्दछ। असल सोच र उद्देश्यबाट भएको हरेक सिर्जनाले मानवमात्रको कल्याण कार्यमा एउटा इँटा थप्दछ। नयाँ सिर्जनाका लागि तयार रहने व्यक्तिले आफूसित र आफू वरपरकाहरूलाई प्रगतिका लागि प्रेरित गर्छ। सकारात्मक सोचबाट थालिएको हरेक सिर्जनात्मक क्रियाकलापले सामुहिक सेवाको भावना जगाउँछ। सामुहिक भावनाबाट प्रेरित हुने प्रत्येक सकारात्मक सृजनाले समुदायमा बस्ने हरेकलाई सहकार्य गर्ने सुअवसर जुटाउँछ। सहकार्यले सहकारितामाथि बल पुऱ्याउँछ र सहकारिताले सबैको एकसाथ उन्नति गराउँछ। समाजमा हुने प्रत्येक सिर्जनात्मक क्रियाकलाप सामुहिक लाभ, सहकार्य, सहकारिता र परोपकारका निम्ति हुनुपर्छ भन्ने मान्यतामा ***जनजागरण पार्टी नेपाल*** सदैव अटल रहने छ।

### ***ग) शान्ति, मिलाप र न्याय***

शान्तिपूर्वक बाँच्न पाउनु मानव जीवनकै मुख्य चाहना हो। शान्ति मानवआधिकारको विषय पनि हो। प्रत्येक व्यक्ति र घरपरिवारमा शान्ति नितान्त महत्वपूर्ण कुरो हुन्छ। व्यक्ति-व्यक्तिमा शान्ति कायम रहे परिवार, समाज र सिङ्गो मुलुकमा शान्ति हुनेछ। समुदायका मानिसहरू क्षमा र मेलमिलापमा रहँदा शान्ति सम्भव हुन्छ। शान्ति कायम रहे हरेक ठाउँमा न्याय स्थापित हुन्छ। न्यायबाटै समतामूलक समाजको प्रत्याभूति हुन्छ, जसले हरेक व्यक्ति, परिवार, समुदाय र देशमा उन्नतिको मार्ग प्रशस्त गर्दछ। त्यसर्थ ***जनजागरण पार्टी नेपाल*** मुलुकमा शान्ति, मिलाप र न्याय स्थापनाका लागि सदैव प्रयत्नशील रहने छ।

### घ) *स्वयम्सेवा, समानता र मानवकल्याण*

निःस्वार्थ रूपमा प्रदान गरिइने स्वयम्सेवाले विनम्र, सालिन र सेवकीय व्यक्तित्व झल्काउँदछ। निःस्वार्थता समानताको जग हो र समाजका सबै व्यक्तिको समान उपस्थिति, सम्मान तथा सबैले मौजुदा अवसरहरूको समान उपभोग गर्नुपर्दछ भन्ने भावनाले मानवकल्याणको निम्ति समर्पित हुन सबैलाई उत्प्रेरित गर्दछ। त्यसकारण मानव समाजको समग्र उत्थान र उन्नति गर्नका लागि ***जनजागरण पार्टी नेपाल*** स्वयम्सेवा, समानता र मानवकल्याणमाथि जोडदाररूपमा प्रश्तुत हुनेछ।

### ङ) *पारदर्शिता, मानवीय नैतिकता र धार्मिकता*

सामुहिक जिम्मेवारीमा रहने मानिसले पारदर्शी जीवन र व्यवहार प्रदर्शन गर्नु नै पर्दछ। दिइएको जिम्मेवारी पूरा गर्दा पारदर्शी बन्न सक्ने व्यक्ति निर्दोष ठहर्छ। राजनीतिजस्तो सार्वजनिक सेवाको क्षेत्रमा लागेको हरेक व्यक्ति पारदर्शी बन्नुपर्छ। किनभने पारदर्शिताले मानवीय नैतिकतालाई उच्च राख्दछ र मानवीय नैतिकतामा आधारित धार्मिकताले राष्ट्रको सम्मानलाई अझ उचाल्दछ। त्यसर्थ ***जनजागरण पार्टी नेपाल*** आफ्ना हरेक काममा पारदर्शी, नैतिकवान र धर्मी चरित्रमा सधैं खडा रहने छ।

## ७. राजनीतिक चरित्रका निम्ति जनजागरण पार्टी नेपालको मूलभूत अडान र प्रतिबद्धता

निर्वाचनको अवसरमा आम मतदाताहरूका सामुन्ने मिथ्या आश्वासन बाँड्नका लागि यो घोषणा-पत्र प्रश्तुत गरिएको होइन। बरू, नेपाल देशको राष्ट्रिय राजनीतिमा मौलाउँदै आइरहेको बेइमानी, स्वेच्छाचारी, भ्रष्टाचारी तथा अधर्मी प्रवृत्तिको जरो उखेल्ने अठोटसाथ तपाईं आम नेपाली सचेत नागरिक तथा आदरणीय मतदाताहरूसमक्ष आफ्ना मूल्य-मान्यताहरू अघिसार्दै तिनै मूल्य-मान्यतामा सम्झौताहीन रहेर नेपाल देश र नेपाली जनताको सेवाका निम्ति राजनीतिक निष्ठा, आदर्श र व्यवहार प्रश्तुत गर्ने सम्पूर्ण तत्परता जाहेर गर्नका लागि यो घोषणा-पत्र सार्वजनिक गरिएको हो।

- ✔ आफ्नो कुरो बिकाउन, सरकार वा प्रशासनमाथि दबाव सिर्जना गर्न अथवा सत्ता प्राप्त गर्नका लागि यस पार्टीले बन्द-हड्ताल गर्दैन। जुलुश निकालेर एकै घण्टा पनि कतै सडक अवरोध गर्दैन। टायर बालेर वातावरण धूँवामय बनाउँदैन। लाठी, ढुङ्गा-मूढा, आगजनी र कुनै प्रकारले हिंसात्मक देखिइने गरी हातहतियार प्रयोग गर्ने कार्यकर्तालाई बाटोमा उतार्दैन। हत्याहिंसा र तोडफोड

गर्दैन । बजार, उद्योग र व्यवसायमाथि बन्देज लाग्ने कुनै गतिविधि अघिसार्दैन । मूर्दावाद आशयका नारा अलाप्दैन । समग्रमा आम नागरिकको मौलिक हक-अधिकार हनन् हुने वा सर्वसाधारणका जीवनमाथि हस्तक्षेप हुने कुनै पनि विध्वंशात्मक गतिविधि गर्दैन ।

- ✔ यस पार्टीले सिद्धान्त र नियमभन्दा माथि कुनै व्यक्तिलाई राख्दैन । सर्वसाधारण तथा कमजोरहरूमाथि शासन गर्नका लागि कानून बनाउँदैन र कानूनलाई आफैले कुल्चिँदैन । मानवीय न्यायलाई पन्छाएर कसैमाथि पक्षपात गर्दैन । राष्ट्र र नागरिकभन्दा माथि पार्टीलाई उचाल्दैन । नेता र जनताको बीचमा भेद राख्दैन । लिङ्ग, वर्ण, वर्ग, क्षेत्र, जात, र धर्मका नाममा कसैलाई विभेद गर्दैन र त्यस किसिमको विभेद सहँदैन ।

- ✔ यस पार्टीले सामाजिक जीवनमा भ्रष्ट, अनैतिक, अधर्मी बनी बदनाम भैसकेको व्यक्तिलाई उसले आफू बदलिएको यथार्थ आफ्नो समुदायमा प्रमाणित नगरेसम्म पार्टीको जिम्मेवार पदमा राख्दैन । सृष्टिकर्ता, पालनकर्ता र न्यायकर्ता इश्वरको अस्तित्व नस्वीकार्ने व्यक्ति यस पार्टीको सदस्य बन्न पाउँदैन । दिइएको कुनै पनि जिम्मेवारीमा इश्वरको भय नमान्ने मान्छेलाई यस पार्टीले आबद्धता दिँदैन । आफ्नो परिवार तथा समाजप्रति इमान्दार हुननसक्ने कोही पनि यस पार्टीको जिम्मेवार तहमा रहन  पाउँदैन र लोभी, स्वार्थी, अभिमानी, जिद्दी, अन्यायी तथा आर्थिक अपचलनमा फँसेको कोही व्यक्ति यस पार्टीको जिम्मेवार कार्यकर्ता बन्न सक्दैन ।

***आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,***

***जनजागरण पार्टी नेपाल***ले जनताको मताधिकार प्राप्त गर्नका लागि यो निर्वाचन घोषणा-पत्र तपाईंसामु प्रशतुत गर्दैगर्दा आसन्न निर्वाचन केका लागि हो भन्ने कुरो बिर्सिनुहुन्न । तर नेपाली राजनीतिमा 'ठूला' भनिएका केही पार्टीहरूले गत २०६४ को संविधानसभा निर्वाचनताका र अहिले पनि सार्वजनिक गरेका चुनावी घोषणा-पत्रहरूले उनीहरू संविधान निर्माणको उद्देश्यमा प्राथमिकतासाथ लागिरहेका छैनन् भन्ने देखाउँछन् । अहिले पनि अधिकांश राजनीतिक दलहरू जनताको गणतान्त्रिक संविधान निर्माण गरी लागू गराउने सवालमा गंभीर भैरहेका छैनन् । यस विषम परिस्थितिमा ***जनजागरण पार्टी नेपाल*** अबको नेपालले संविधान निर्माण र राज्यसंचालन परम्परागत शैलीमा आधारित हुनुहुँदैन भन्ने विश्वास राख्दछ । यसका लागि समाजका सबै लिङ्ग, वर्ग, जातजाति, समुदाय र क्षेत्रको पूर्ण समानुपातिक प्रतिनिधित्व हुनु जरूरी हुन्छ । त्यसमाथि इमान्दार राजनीतिज्ञ, विभिन्न क्षेत्र र पक्षका विशेषज्ञ, राष्ट्रसेवामा रही सेवानिवृत्त अनुभवी

व्यक्तिहरू, महिला तथा युवाहरू, हिमाल, पहाड, तराईमा बसोबास गर्ने पिछडिएका, अल्पसङ्ख्यक तथा सीमान्तकृत वर्ग, ज्येष्ठनागरिक, शारीरिकरूपमा अशक्त तर मानसिक रूपमा सबल तथा विशेष खूबी भएका व्यक्तिहरू र विभिन्न विषयमा दखल राख्ने व्यक्तित्वहरूको समेत उचित सहभागीता नयाँ संविधान निर्माण प्रक्रियामा जुटाउनुपर्छ।

यद्यपि चुनावमा अत्यधिक बहूमतले जित्नु भोट माग्न आएका सबै दलहरूको महत्वाकांक्षा हो, तर अहिलेको चुनावी माहोलमा हरेक जिम्मेवार राजनीतिक दलहरूले चुनाव जितेपछि के-के गर्छु र के-केचाहिँ गर्दिनँ भन्ने कुरो प्रष्ट्याउनुपर्छ। त्यसर्थ, चुनावी मैदानमा जनताको स्वतन्त्र र सदिक्षापूर्ण भोट प्राप्त गर्नका लागि ***जनजागरण पार्टी नेपाल*** सामान्य सहमतिमा आएका विषयहरूबाहेक नयाँ संविधानमा समेटिइनै पर्ने निम्न विषयहरूलाई प्राथमिकता तोकी आदरणीय मतदातासमक्ष यो चुनावी घोषणा-पत्र प्रश्तुत गर्दछः

## ८. लोकतान्त्रिक संघीय गणतन्त्र नेपालको नयाँ संविधान निर्माण र नेपाल राज्यको पुनःसंरचना तथा शासकीय स्वरूप सम्बन्धी प्रशताव

### *क) नयाँ संविधान निर्माणको प्राथमिकता*

आसन्न आमचुनाव अघिल्लो समयावधिमा निर्माण गर्न नसकिएको मुलुकको नयाँ संविधान निर्माण गर्ने पहिलो दायित्व पूरा गर्नका लागि हो। ***जनजागरण पार्टी नेपाल*** यस प्राथमिकताबाट कुनै पनि बहानामा कदापि पन्छिने छैन। नेपाली जनताले मतदान दिई नयाँ संविधान निर्माणका लागि सुम्पिएको जिम्मेवारी पूरा गर्ने दायित्व साँचो हृदयले पूरा गर्नु यस पार्टीको कर्तव्य रहने छ। त्यसकारण संविधान निर्माणको कार्यबाहेक सरकार गठन-विघटनका विषयहरू यस पार्टीको दोस्रो प्राथमिकतामा पर्नेछन्।

### *ख) नेपाल राष्ट्रको पुनः संरचना*

नेपालको राष्ट्रिय पहिचान, स्वाभिमान, हित, स्वार्थ, विशेषता, आदिको यकिन गरी त्यसलाई जगेर्ना गर्दै सम्पूर्ण नेपालीको प्रतिनिधित्व हुने गरी सबै राजनैतिक दल, सम्बद्ध पक्ष र निकायहरूको सहभागीता, सहकार्य र समझदारीमा दोस्रो राष्ट्रिय जनआन्दोलनका उपलब्धीहरूको उचित सम्बोधन गर्दै देशको नयाँ संविधान निर्माण गरिइने छ। यसरी राज्य पुनःसंरचना गर्दा निम्न मुख्य आधारहरू निर्धारण गरिइने छः

- ***राष्ट्रिय एकता र अखण्डताः*** नेपाल देश बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त हामी सम्पूर्ण नेपाली नागरिकको साझा घर हो। नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, राष्ट्रिय हित एवं सुरक्षा तथा समृद्धिप्रति

प्रयत्नशील रहँदै एकताको सूत्रमा आबद्ध भएका सबै नेपाली राष्ट्रवासीहरूको यही साझा घर नै समग्रमा एक स्वतन्त्र र अविभाज्य राष्ट्र नेपाल हो ।

- ***सङ्घीय तथा प्रादेशिक शासकीय स्वरूपः*** नेपाल एक गणतान्त्रिक सङ्घीय राष्ट्र हुनेछ। यसमा जम्मा सातवटा प्रादेशिक राज्यहरू हुनेछन् भनी ***जनजागरण पार्टी नेपाल***ले प्रस्ताव गरेको छ, जसमा सङ्घीय (केन्द्र) तथा प्रादेशिक (प्रान्तीय) स्तरमा कार्यपालिका, व्यवस्थापिका, न्यायपालिकासाथै आवश्यक पर्ने संवैधानिक एवं प्रशासनिक निकायहरू रहेछन् ।

### *ग. राज्यको पुनःसंरचनाका लागि तय गरिएका आधारभूत मान्यताहरूः*

- राज्य पुनःसंरचना गर्दा राष्ट्रिय एकता, अखण्डता, स्वाभिमान, सार्वभौमिकता तथा स्वतन्त्रतामा कुनै प्रकारको सम्झौता हुन दिनुहुँदैन ।
- राज्यको पुनःसंरचना भौगोलिक, प्राकृतिक स्रोत र साधन, जनघनत्व तथा अन्य विशेषताहरूको आधारमा गर्नुपर्दछ ।
- राज्य पुनःसंरचना गर्दा बहुलवादी सिद्धान्तका आधारमा वर्गीय, जातीय, क्षेत्रीय एवं धार्मिक सद्भाव र स्वतन्त्रतालाई अक्षुण्ण कायम राख्नुपर्दछ ।
- राष्ट्रमा रहेका अपार विविधता र प्राकृतिक स्रोतलाई हिमाल, पहाड र तराई मधेशमा बसोवास गर्ने सबै नागरिकले समानरूपमा उपभोग गर्ने र त्यसबाट समान फाइदा लिन पाउने व्यवस्था अपनाउनुपर्दछ ।
- केन्द्रीयदेखि प्रादेशिक र स्थानीय स्तरसम्मका सबै शासकीय अङ्गहरूमा हिमाल, पहाड, तराई-मधेशका पिछडिएका, अल्पसङ्ख्यक, सीमान्तकृत समुहलगायत सबै लिङ्ग, वर्ग, धर्म र जातजातिले समावेशी किसिमले सहभागी बन्न पाउनुपर्दछ ।
- यसरी तय गरिइने प्रदेशहरूका लागि नयाँ नेपालको पुनःसंरचना गर्दा प्रदेशराज्य अन्तरगतका क्षेत्रहरूमा ऐतिहासिक पहिचान, दस्तावेज, बहुलजाति वा भाषाको आधार तथा भौगोलिक एवं सामर्थ्यको आधार दुवैलाई महत्व दिइने छ ।

### *घ. प्रदेश राज्यहरूको प्रशताव*

नयाँ गठन हुने प्रदेश राज्यहरूको नामाङ्कन गर्न पाउने पूर्ण अधिकार तत्तत् प्रदेश राज्य विधायिकामा निहित राख्नुपर्दछ भन्ने मान्यता यस पार्टीको रहेको छ, जसअनुसार ***जनजागरण पार्टी नेपाल*** कम्तीमा सात राज्यहरूको प्रशताव गर्दछ (यस घोषणा-पत्रको अन्तिम आवरण पृष्ठमा अङ्कित गरिएको छ), जसमा ऐतिहासिक, भौगोलिक एवं राष्ट्रिय धरोहरहरू मुख्य आधार मानिनेछन् ।

### ङ. *संसदको संरचना*

***जनजागरण पार्टी नेपाल*** केन्द्रीय र प्रदेश दुवै तहमा प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीबाट गठन हुने एक सदनात्मक संसद रहने संसदीय व्यवस्थाको पक्षमा खडा रहन्छ। केन्द्रको प्रतिनिधिसभा र राज्य विधायिका संसद दुवैमा आम नेपाली जनताको राज्यमा समान पहुँच पुऱ्याउनुपर्छ भन्ने कुरामा यस पार्टीको विश्वास रहेको छ। प्रत्येक पाँच-पाँच वर्षका लागि चुनिएका केन्द्रमा जम्मा २८७ सांसदहरू र प्रदेश राज्यहरूमा जम्मा ५७४ राज्य विधायकहरू रहनुपर्दछ, र सो संख्याको १० प्रतिशत नघट्ने गरी विज्ञ तथा मूलधारमा नआएका क्षेत्र, जाति, वर्ग तथा समुदायहरूको प्रतिनिधित्व हुनेगरी मनोनयनसमेत गरिनुपर्दछ भन्ने प्रश्ताव यस पार्टीले अघिसारेको छ।

### च. *केन्द्रीय तथा प्रादेशिक राज्य सरकारको गठन*

केन्द्रीय स्तरमा केन्द्र सरकार र प्रादेशिक स्तरमा प्रादेशिक राज्य सरकार गठन गरिनेछन्। केन्द्रीय सरकारको संरचना संसदद्वारा निर्वाचित प्रधानमन्त्री कार्यकारी रहने व्यवस्था हुनेछ। केन्द्र तथा प्रान्तमा रहने मन्त्रीमण्डल सानो तर समावेशी स्वरूपको हुनुपर्दछ। सङ्घीय सरकार र प्रादेशिक राज्य सरकारबीच मुख्यमन्त्रीको कार्यालयमार्फत् निरन्तर सम्पर्क रहने र सोही माध्यमबाट केन्द्र र राज्यबीच विकास-निर्माण र आवश्यक प्रशासनिक व्यवस्थासमेत मिलाइने छ। सुशासन तथा विकासको निम्ति विकेन्द्रीकरणको सिद्धान्त पालन गर्दै स्थानीय निकायलाई हस्तक्षेपमुक्त, स्वायत्त एवं अधिकारसम्पन्न बनाएर स्थानीय स्रोत-साधनको अधिकतम परिचालन तथा उपयोग गर्न पाउने संवैधानिक व्यवस्था चयन गरिइने छ।

### छ. *राष्ट्रप्रमुखको व्यवस्था*

प्रदेश विधायक तथा केन्द्रीय संसद दुवै तहका सदनबाट पाँच वर्षको कार्यकालका लागि प्रष्ट बहुमत ल्याई चुनिएका व्यक्ति मुलुकको राष्ट्रपति हुने व्यवस्था ***जनजागरण पार्टी नेपाल*** प्रस्ताव गर्दछ। राष्ट्रपति राष्ट्रका आलङ्कारिक प्रमुख, संविधानका संरक्षक, राष्ट्रिय एकताका प्रतीक एवं सरकारका अविभावक रहनेछन्।

### ज. *न्यायपालिकाको संरचना*

लोकतान्त्रिक मूल्य-मान्यतामा रहेर संवैधानिक सर्वोच्चता कायम गराउनका लागि एउटा स्वतन्त्र, सक्षम तथा उत्तरदायी न्यायपालिकाको जिम्मेवारी हुनेछ। केन्द्रीय

तहमा सर्वोच्च अदालत र प्रादेशिक तहमा पुनरावेदन अदालत रहने गरी हालसम्मको न्यायिक अभ्यासलाई निरन्तरता दिँदै जिल्लामा स्वतन्त्र जिल्ला अदालतहरू रहनेछन्।

*आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,*

***जनजागरण पार्टी नेपाल*** स्वतन्त्र र निस्पक्ष निर्वाचनबाट आम मतदाताहरूको भोट प्राप्त गरी राज्य सञ्चालनको बागडोर सम्हाल्न तम्तयार छ। पार्टीले आत्मसात गरेका मूल्य-मान्यताहरूमा अटल विश्वास राख्दै मुलुकलाई प्रगतिपथमा अघि बढाउने दर्शनयुक्त प्रयत्नबाट देशको मुहार अवश्य नै फेरिइने छ। जनताले सत्ता सम्हाल्ने मताधिकार र अख्तियारी दिएको अवस्थामा यस पार्टीले सधैं विधिसम्मत्, न्यायपूर्ण र नैतिकवान रही वैज्ञानिक उन्नतिको पथमा मुलुकलाई नेतृत्व प्रदान गर्नेछ। यो उद्देश्य प्राप्तिका लागि यस पार्टीले आफ्नो धारणा र रणनीति देहायअनुसार अघिसारेको छः

## ९. सत्ता प्राप्ति तथा प्रगतिशील सुशासनको ग्यारेण्टी

***क) संघीयतासहितको नेपाल राष्ट्रः*** मुलुकको आर्थिक विकासलाई मार्गनिर्देशन गर्ने राजनीतिक शक्तिलाई शदिऔंदेखि सीमित वर्गका सामन्तवादी चरित्रको पकडबाट मुक्त गरी प्राकृतिक स्रोत-साधनको उपभोग अधिकारमा समावेशी सिद्धान्तका आधारमा स्थानीय मानिसहरूको सहज पहुँच पुऱ्याउनका लागि संघीयता अपरिहार्य बनेको हो। नेपाल राष्ट्र बहुजातीय, बहुभाषी, बहुधार्मिक तथा विविध जातजातिको सुन्दर संमिश्रण रहेको देश भएको हुँदा यहाँ बहुलवादी चरित्रको प्रतिस्पर्धी संघीय राज्यहरू गठन गरिनुपर्दछ। यस पार्टीले स्वतन्त्र अस्तित्व कायम राख्दै परस्पर निर्भर रहने (कर्पोरेटिभ) संघीयताको मोडेलमा (७) सात प्रदेशको प्रस्ताव अघिसारेको छ। नयाँ संविधानबाट प्रदत्त संघीय राज्यविधायकामा आफ्नो प्रदेशराज्यका विषय र स्वरूप निर्धारण गर्ने अधिकार तत्तत् राज्यमा निहित रहनुपर्छ भन्ने मान्यता यस पार्टीले बोकेको छ। यही लोकतान्त्रिक राजनीतिक व्यवस्थामा आधारित राज्यसत्ता केन्द्रिय तथा क्षेत्रीय-संघीय राज्यमा लागू गराउनुपर्छ भन्ने कुरामा ***जनजागरण पार्टी नेपाल***को विश्वास रहेको छ।

***ख) लोकतान्त्रिक राज्यव्यवस्थाः*** देश भौगोलिक सीमाले घेरिएको माटोमात्रै होइन। देश स्वतन्त्र राजनीतिक सीमाभित्र समेटिएको माटोसित नाता गाँसिएका

मानिसहरूको बस्ती पनि हो। माटो र मानवबस्ती दुवै कुनै व्यक्ति, समुह, व्यवस्था वा शासकहरूका निजी सम्पत्ति वा आर्जन होइनन्। त्यसैले देशको शासन तथा राज्य सञ्चालनको काम जनताको सहमति र अभिमतप्राप्त जनप्रतिनिधिबाट हुनुपर्दछ, जसलाई लोकतान्त्रिक राज्य व्यवस्था भनिन्छ। लोकतान्त्रिक राज्य व्यवस्थामा जनताको सहभागीता चुनावको समयमा भोट खसाल्नका लागि मात्रै होइन, बरू आफूले चुनिपठाएको प्रतिनिधिमार्फत् आफ्नो पहुँच स्थापित गर्दै विकास-निर्माणको निर्णय प्रक्रियामा आफूलाई सक्रिय सहभागी गराउनका लागि पनि हो। त्यसकारण ***जनजागरण पार्टी नेपाल***का जनताद्वारा निर्वाचित प्रतिनिधिहरू तोकिएको समयबाहेक सदा जनतामाझ रहनेछन्।

ग) ***बहुलवादमा आधारित संघीय गणतन्त्रः*** शदियौंदेखि मुलुकमा एकात्मक शासन गर्दै आएको सामन्ती राज्यव्यवस्थाको संरक्षक शाही राजतन्त्रको समाप्तिपछि उदय भएको गणतन्त्र नेपाली जनताले लडेको पछिल्लो राष्ट्रिय जनआन्दोलन २०६२-६३ को मुख्य उपलब्धी हो। जनताको संप्रभुता, संविधानको सर्वोच्चता, जनप्रतिनिधिबाट प्रत्यक्ष सुशासन र नागरिक अधिकार एवं स्वतन्त्रतासहितको संवैधानिक प्रत्याभूतिले वास्तविक गणतन्त्र सुनिश्चित हुन सक्दछ। जनसहभागितामा आधारित गणतन्त्रात्मक राजनीतिक प्रयत्नबाट रचनात्मक रूपान्तरणतर्फ मुलुकलाई डोऱ्याउँदै शान्ति र समृद्धिसहितको लोकतान्त्रिक नेपालको निर्माण गर्नु नै ***जनजागरण पार्टी नेपाल***को प्रमुख एजेण्डा रहने छ।

घ) ***समावेशी लोकतन्त्रः*** समानुपातिक सहभागिता र समावेशी निर्वाचन प्रणाली, सक्षम, निष्पक्ष र समावेसी प्रशासनयन्त्र, विकेन्द्रित अधिकार, सकारात्मक तथा सिर्जनात्मक पृथक्कीकरणको नीति अवलम्बन गर्दै मुलुकमा साधन-स्रोतसम्पन्न जनशक्ति निर्माण गर्ने व्यवस्था गरिइने छ। लोकतान्त्रिक राज्यमा सम्पूर्ण मानिसहरूको विनाविभेद समानुपातिक पहुँच पुगेको हुनुपर्छ। लोकतन्त्रलाई स्थानीय तहसम्म व्यवहारिक तुल्याउँदै नागरिकका मौलिक अधिकारहरू ग्यारेण्टी गर्न, राज्यमा शक्ति पृथक्कीकरणको सिद्धान्तअनुसार कानूनी राज्यको अभ्यास गर्न र सम्पूर्ण नागरिकबीच विद्यमान सबैखाले विभेदको अन्त्य गरी समतामूलक समाज निर्माण गर्दै समग्र मुलुकलाई चरम उन्नतितर्फ डोऱ्याउन ***जनजागरण पार्टी नेपाल*** प्रतिबद्ध रहने छ।

ङ) ***जनकल्याणकारी तथा जनउत्तरदायी सरकारः*** वालिग मताधिकारको आधारमा चुनिएका जनप्रतिनिधिहरूबाट निर्माण तथा अनुमोदन हुने संविधानद्वारा चयन गरिइने जनउत्तरदायी सरकारद्वारा कानुनी राज्य तथा असल र जनकल्याणकारी

प्रशासन सञ्चालन हुनुपर्दछ। ***जनजागरण पार्टी नेपाल*** जनकल्याणकारी तथा जनउत्तरदायी सरकारको पक्षमा सदा लागिरहने छ।

च) ***भ्रष्टाचार र माफियातन्त्रबाट मुक्त सरकार:*** राज्यका सबैजसो तहमा हुने आर्थिक अनियमितता तथा चुहावट, तस्करी, घूसखोरी एवं भ्रष्टाचारजस्ता आर्थिक अपराधले सम्पूर्ण देशलाई धराशायी बनाउँदै लगेको छ। राष्ट्र-निर्माणको अभियानलाई गति दिन सबैभन्दा पहिले भ्रष्टाचार र माफियातन्त्रबाट देशलाई मुक्ति दिलाउन ***जनजागरण पार्टी नेपाल*** शुद्ध आचरणद्वारा उदाहरणीय जीवनको प्रदर्शन गर्दै राजनीतिक अगुवाको भूमिका निर्वाह गर्नेछ।

छ) ***सुशासन र कानूनी राज्यका लागि निस्पक्ष जनप्रशासन:*** राष्ट्रसेवाको जुनसुकै क्षेत्र र तहमा काम गर्ने जनप्रशासन, सञ्चार, स्वास्थ्य, शिक्षा, शान्तिसुरक्षा, आदि सेवासित सम्बद्ध सबै राष्ट्रसेवक, कर्मचारहरूलाई निस्पक्ष, स्वतन्त्र, अनुशासित, पारदर्शी र प्रभावकारी तुल्याउनुपर्छ। प्रशासनतन्त्रलाई सबैखाले हस्तक्षेपबाट मुक्त गर्दै सेवाग्राहीहरूलाई प्रशासनिक जटिलता तथा ढीलासुस्ती भोग्नबाट मुक्त गर्नसके मुलुकमा सुशासन एवं कानूनी राज्यको ग्यारेण्टी हुन्छ।

ज) ***जनसम्बन्ध तथा सहकार्य:*** जनतासित निरन्तर रहने, राष्ट्रिय सवालमा विचार मिल्ने पक्षहरूसित सहकार्य गर्ने र विकासका लागि जनताको प्रत्यक्ष सहभागिता जुटाउने कामबाट अपेक्षित साँचो परिवर्तन चाँडै हात लाग्नसक्छ। त्यसर्थ ***जनजागरण पार्टी नेपाल***ले आफूलाई सदा जनतासितको सहकारिता, सहकार्य तथा सम्मतिमा राख्नेछ।

झ) ***राष्ट्रिय मेलमिलाप तथा क्षमाशील शान्त समाज:*** मुलुकमा विद्यमान सबै प्रकारका असमानता र द्वन्द तथा सोबाट सिर्जित परिणामहरूलाई समाधान गर्न राष्ट्रिय स्तरमै क्षमा र मेलमिलापको अभियानद्वारा जनताका हृदयमा गडेका तीक्तता, घाउ-चोटहरू र भौतिक क्षतिहरू पुर्ने कामलाई तत्काल अघिबढाउनु पर्दछ, यस अभियानमा ***जनजागरण पार्टी नेपाल***ले राष्ट्रिय अगुवाको भूमिका निर्वाह गर्नेछ।

ञ) ***राष्ट्रिय संरक्षकत्व: जनजागरण पार्टी नेपाल*** नेपाली समाजमा विद्यमान जातीय, भाषिक, साँस्कृतिक, धार्मिक एवं क्षेत्रीय विविधतालाई नेपाली राष्ट्रियताको धरोहर मान्दछ। पछिपारिएका, अल्पसंख्यक तथा सीमान्तकृत व्यक्ति, जाति तथा समुदायका गरीब, बृद्ध, अपाङ्ग, अनाथ र एकल महिलाको उचित पहिचान गरी संरक्षकत्व प्रदान गरिइने छ।

*ट) शान्तिपूर्ण र दीगो विकास:* बिषम अवस्थामा चलाउनुपर्ने कुनै पनि आन्दोलनलाई वातावरणीय तथा प्रगतिवादी दृष्टिले अहिंसावादी, संयमी, आनुशासित बनाउँदै त्यसलाई सिर्जनात्मक तथा कलात्मक स्वरूप दिइने छ र यसरी शान्तिपूर्ण दीगो लोकतन्त्रको स्थापना गर्न र जनजीवनको शान्ति कायम राख्न ***जनजागरण पार्टी नेपाल*** कटिबद्ध रहिरहने छ।

*ठ) मानवअधिकारको ग्यारेण्टी:* मानवअधिकार र नागरिक जिम्मेवारी एकै व्यक्तिका दुई आँखाहरू हुन्, कुनै एकको अनुपस्थितिमा व्यक्ति अपूर्ण देखिएझैं मुलुकमा नागरिक दायित्वसहितको मानवअधिकार नरहँदा सम्पूर्ण समाज अपाङ्ग बन्छ। नागरिक स्वतन्त्रता, मौलिक हक-अधिकार एवं मानवअधिकारलाई प्रत्येक नागरिकको जिम्मेवारीसँग आबद्ध गरिनुपर्छ। मानवअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घको बडापत्रलगायत नेपालले अनुमोदन गरेका सबै अन्तराष्ट्रिय सन्धी र दस्तावेजहरूको पालना गर्न-गराउन ***जनजागरण पार्टी नेपाल*** सदैब प्रतिबद्ध रहनेछ।

***ड) धर्मनिरपेक्षतासहितको पूर्ण धार्मिक स्वतन्त्रता:*** विविध धार्मिक आस्था, विश्वास र आस्तिक जीवन पद्दति अवलम्बन गर्दै आएको नेपाली समाजलाई साँचो लोकतान्त्रिक अभ्यासमा अघिबढाउन धार्मिक सहिष्णुता, सद्भाव एवं सहअस्तित्व कायम राख्न धर्मनिरपेक्ष राज्यको सक्रिय उपस्थिति अपरिहार्य हुन्छ। धर्मको भूमिकालाई मानवीय-पारिवारिक मूल्य-मान्यताप्रति सम्मान बढाउने सकारात्मक शक्तिको रूपमा प्रयोग गर्न सकिन्छ।

- धर्मनिरपेक्षता भनेको राज्यले कुनै धर्मप्रति पक्षपाती नरहेर मौजुद सबै धर्महरू तथा धर्मावलम्बीहरूप्रति समान व्यवहार गर्ने राजनीतिक मार्ग हो। त्यसर्थ राज्य धर्मनिरपेक्ष रहँदा नागरिकले स्वतन्त्ररूपमा आफूले इच्छाएको धर्म स्वीकार गर्न, अवलम्बन गर्न वा त्याग्न सक्दछन्, जुन मानिसको नैसर्गिक अधिकार पनि हो।

- नेपालीलाई आफ्नो आस्था अनुरूपको धर्म मान्ने स्वतन्त्रता हुनुपर्दछ। जनताका मौलिक अधिकारको ग्यारेण्टी गर्न धर्मनिरपेक्षतासहितको पूर्ण धार्मिक स्वतन्त्रताका पक्षमा ***जनजागरण पार्टी नेपाल*** सधैं खडा रहने छ।

- धर्म-धर्मबीच कुनै किसिमको विभेद, कलह र तनावहरू निराकरण गर्नसाथै सबै आस्था, विश्वास र मान्यताहरूप्रति समान व्यवहारको वातावरण कायम राख्नका लागि ***जनजागरण पार्टी नेपाल***ले सबै धर्मावलम्बी नेपाली जनताहरूको समान प्रतिनिधित्व हुने गरी संवैधानिक **राष्ट्रिय धार्मिक आयोग** निर्माण गर्नेछ।

## १०. जनजागरण पार्टी नेपालले अवलम्बन गर्ने राष्ट्रिय नीतिहरू

***क) राष्ट्रिय सुरक्षा नीतिः*** संवेदनशील क्षेत्रमा विशेष सुरक्षा नीति, पर्यटकीय क्षेत्रमा आधुनिक सुरक्षा नीति, सीमा क्षेत्रहरूमा दूरदर्शी सुरक्षा नीति र राष्ट्रिय स्तरमा एक भरपर्दो दक्ष एवं वैज्ञानिक राष्ट्रिय सुरक्षा नीति अपनाउनुपर्ने ***जनजागरण पार्टी नेपाल***को धारणा छ । सबै राजनैतिक दलहरू र सम्बद्ध निकायहरूको सहकार्य तथा समझदारीमा राष्ट्रिय सुरक्षा नीति तर्जुमा गरी लागू गरिनेछ। उक्त नीतिमा राष्ट्रिय अखण्डता, स्वतन्त्रता, सार्वभौमसत्ता, सीमा सुरक्षा, आन्तरिक शान्ति सुरक्षा तथा कृषि, पर्यटन एवं औद्योगिक सुरक्षा प्रमुख विषय रहनेछन् । त्यसबाहेक गम्भीर वित्तीय संकट, प्राकृतिक विपद, खाद्य तथा उर्जा सङ्कट आदिबाट उत्पन्न हुन सक्ने राष्ट्रिय सुरक्षा सङ्कटलाई समेत समयमै सहज सम्बोधन गर्ने गरी राष्ट्रिय सुरक्षा नीति निर्माण गरी लागू गरिइने छ ।

- ***शान्ति तथा सुरक्षासेवा निकायहरूको व्यवस्थाः*** राष्ट्रिय सुरक्षाको निम्ति देश र जनताको सुरक्षाका विभिन्न पक्षहरूमा प्रभावकारी सेवा प्रदान गर्न सक्षम राष्ट्रिय सेनालाई अझै सक्रिय तुल्याइने छ । केन्द्र एवं प्रदेशमा आवश्यकतानुसार जनपथ प्रहरी बल, सशस्त्र प्रहरी बल तथा राष्ट्रिय अनुसन्धान विभागलाई परिचालन गरिने छ। यी सबै सुरक्षाबलहरूलाई अझ सशक्तरूपमा राष्ट्रसेवामा सरिक गराइने छ । समाजमा शान्ति सुव्यवस्था कायम गर्ने सवालमा सुरक्षा निकाय आफै निष्पक्ष, प्रदत्त कानूनप्रति प्रतिबद्ध, बफादार, उदाहरणीय र उच्च चरित्रको प्रतीक बन्नुपर्दछ।
- ***सुरक्षामा नागरिक सहभागीताः*** युवा तथा विद्यार्थीहरूलाई पनि तोकिएको समयावधिभर राष्ट्रिय सुरक्षा सेवामा अनिवार्य तालिमको व्यवस्था गर्न ***जनजागरण पार्टी नेपाल*** क्रियाशील रहने छ।

***ख) राष्ट्रिय शिक्षा नीतिः*** हरेक नेपाली नागरिकले गुणस्तरीय शिक्षा प्राप्त गर्नु आजको आवश्यकता हो । प्रत्येक नागरिकले शिक्षामा समान अवसर पाउनुपर्दछ। सबैले आफ्नै ठाउँ, भाषा र पहुँचमा शिक्षा प्राप्त गर्न पाउनुपर्दछ । देशमा विद्यमान सबै समस्याहरूको मूल जरो अशिक्षा नै हो। शिक्षित भैदिने हो भने जनता आफैंले सबैखाले समस्याको विरूद्धमा डटेर खबर्दारी गर्न सक्दछन् । त्यसकारण, अशिक्षालाई सबैभन्दा पहिले मानव समाजबाट हटाउनुपर्छ ।

- ***सबैका लागि शिक्षाः*** अशिक्षालाई हटाई शिक्षाको उज्यालो ज्योतिमा सबैलाई डोऱ्याउने उद्देश्यसहित ***जनजागरण पार्टी नेपाल***ले 'सबैका लागि शिक्षा' नीति र कार्यक्रम अघिसारेर शिक्षामा सबैको समान अवसर र पहुँच पुऱ्याउने छ ।

- ***समान गुणस्तरको शिक्षा:*** गाउँ र शहरमा उपलब्ध गराइने फरक गुणस्तरको शिक्षामा तत्काल सुधारको प्रयास थालिने छ । त्यसैगरी हुनेखाने र हुँदा खाने परिवारका मानिसहरूले प्राप्त गर्ने शिक्षाको स्तरलाई पनि एउटै बनाइने छ ।

- ***सेवामुखी शिक्षा:*** शिक्षा प्रदान गर्ने-गराउने संस्थाहरू सेवामुखी नभएर नाफामुखी बन्दै गएका छन् । शिक्षा सेवाको क्षेत्रलाई अस्वस्थ प्रतिश्पर्धामा व्यापार हुने क्षेत्रका रूपमा चिन्नुपर्ने देखिएको छ । शिक्षाको न्यायोचित वितरण नभएको कारण फरक वर्गीय चरित्रको जनशक्ति उत्पादन भैरहेको छ । त्यसकारण ***जनजागरण पार्टी नेपाल*** यस क्षेत्रमा लागेका सबैलाई समग्र राष्ट्र तथा देशवासीहरूको हितलाई अघि राखेर सेवा गर्न प्रेरित गर्दछ ।

- ***नैतिक एवं व्यवहारिक शिक्षा:*** सबै नेपालीलाई शिक्षित तुल्याउन नारी शिक्षा, प्रौढ शिक्षा, अनौपचारिक शिक्षा तथा सीपमूलक एवं व्यवसायिक शिक्षामाथि विशेष जोड दिई असल चरित्रसाथै पारिवारिक एवं सामाजिक संरचनालाई टेवा पुऱ्याउने शिक्षा कार्यक्रम तय गरी लागू गरिइने छ।

- ***अन्तरराष्ट्रिय स्तरको शिक्षा:*** विद्यालय तथा विश्वविद्यालयमार्फत् दिइने औपचारिक शिक्षालाई अन्तरराष्ट्रिय स्तरमा प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न सक्ने तुल्याइने छ। यसरी उत्पादित शिक्षित जनशक्तिलाई स्वदेश वा विदेशमा रही काम-व्यवसाय गर्न सक्षम तुल्याउने राष्ट्रिय शिक्षा नीति बनाई लागू गरिइने छ।

- ***प्रतिश्पर्धी शिक्षाको अवसर:*** उच्च तहको शिक्षामा समेत सबैको पहुँच सुनिश्चित गराइने छ । समय सुहाउँदो बहुप्राविधिक विश्वविद्यालय (Polytechnical University) तथा खुल्ला विश्वविद्यालय (Open University) लगायत सक्षम, प्रतिश्पर्धी र कर्तव्यनिष्ठ जनशक्ति उत्पादन गर्ने विश्वविद्यालयहरूलाई सबैको पहुँचमा पुऱ्याउने उदार शिक्षा नीति ***जनजागरण पार्टी नेपाल***ले अवलम्बन गर्नेछ।

***ग) राष्ट्रिय स्वास्थ्य नीति:*** प्रतिरोधात्मक, उपचारात्मक तथा पुनर्स्थापन गर्ने प्रकृतिका स्वास्थ्य सेवासम्बन्धी नीतिहरू निर्माण गरी लागू गरिइने छन्। सबै नागरिकहरूमा निःशुल्क र सुलभ प्राथमिक स्वास्थ्य उपचार उपलब्ध गराइनेछ। मातृ-शिशु स्वास्थ्य राष्ट्रिय स्वास्थ्य नीतिको प्राथमिक विषय हुनेछ। जटिल स्वास्थ्य समस्याबाट ग्रसित नागरिकहरूका लागि राष्ट्रिय स्वास्थ्य बिमा, स्वास्थ्य बचत कोषसाथै उपचार सहायता कोष खडा गरी निस्पक्ष वितरण गरिइने छ।

घ) ***राष्ट्रिय आर्थिक नीतिः*** सिङ्गो राष्ट्रको समानुपातिक सर्वाङ्गीण विकासका लागि ***जनजागरण पार्टी नेपाल*** समाजवादी अर्थव्यवस्थामा आधारित आर्थिक नीति अवलम्बन गर्नेछ । सो राष्ट्रिय आर्थिक नीतिका आधारमा पिछडिएको क्षेत्रको उत्थानलाई प्राथमिकतामा राखिइने छ । यसरी आगामी १० वर्षमा देशको आर्थिक वृद्धिदर दुई अङ्कमा पुऱ्याउन यस पार्टीले निम्न उपायहरू अवलम्बन गर्नेछ ।

- उदारवादी खुल्ला अर्थतन्त्र यस पार्टीले अपनाउने छ । देश-विदेशका लगानीकर्तालाई आर्कषण गर्न स्थायी, पारदर्शी एवं जवाफदेही अर्थनीति अवलम्बन गर्नेछ। खुल्ला प्रतिश्पर्धामा रहेर उद्योग, व्यापार-व्यवसाय सञ्चालन गर्दा सामाजिक उत्तरदायित्वसहितको आर्थिक व्यवस्था लागू हुँदा सम्पूर्ण नेपाली नागरिकको सामुहिक उन्नति गराउने मार्ग प्रशस्त हुनेछ ।

- मुलुकमा रहेको प्राकृतिक स्रोत-सम्पदाकै अधिकतम् उपभोग गर्ने सहज वातावरण तयार गर्दै, कृषि, पर्यटन, शिक्षा एवं स्वास्थ्य क्षेत्रहरूमा तिनको अधिकतम परिचालन गर्दै दीगो विकास गर्ने नीति लिइनेछ ।

- कानुनबमोजिम कर तिर्नु प्रत्येक नागरिकको अनिवार्य कर्तव्य र जिम्मेवारी हो । राष्ट्रिय करनीति तय गर्दा पनि निम्न आय भएका व्यक्ति, समुह तथा संस्थाहरूको आधारभूत आवश्यकतामाथि ध्यान पुऱ्याइनेछ । इमान्दार करदाताहरू बढाउन र करप्रति जनतालाई उत्प्रेरित गराइराख्न करदाताहरूलाई विशेष प्राथमिकता दिई बृद्धभत्ता तथा सामाजिक सुरक्षा भा वितरण गर्ने नीति लागू गरिइने छ ।

- ***जनजागरण पार्टी नेपाल*** राष्ट्रका सम्पूर्ण नागरिकहरूमा कानुनबमोजिम व्यक्तिगत सम्पत्ति आर्जन गर्ने, बेचबिखन गर्ने, भोगचलन गर्ने वा दान दिने हक सुरक्षित हुनुपर्दछ भन्ने विश्वास गर्दछ ।

- राष्ट्रिय पूँजीपतिहरूलाई उचित कदर, सम्मान र राष्ट्रनिर्माणमा योगदान पुऱ्याउने अवसरहरू प्रदान गर्दै आर्थिकरूपमा सक्षम नागरिकहरूलाई राष्ट्रविकासमा सक्रिय सहभागी हुन प्रेरित गरिने छ ।

ङ) ***वैदेशिक नीतिः जनजागरण पार्टी नेपाल***ले देशको राष्ट्रिय पहिचान, स्वाधीनता तथा राष्ट्रिय हितलाई सदासर्वदा सर्वोपरि स्थानमा राखी नेपालले सबै छिमेकी राष्ट्रहरूसँग मित्रवत् सम्बन्धमा रही समदुरीको व्यवहार गर्ने पञ्चशीलको सिद्धान्तमा आधारित परराष्ट्र नीति अवलम्बन गर्नेछ। सबै देशहरूको छाता संगठन

संयुक्त राष्ट्रसङ्घको सम्मानित सदस्य रहेको हैसियतले सो संगठन र अन्य सदस्य देशहरूसँग पारस्परिक सहयोगको सम्बन्ध विस्तार गर्दै छिमेकी राष्ट्रहरूसँग परम्परादेखि रहिआएको पारस्परिक सहयोग, सद्भाव र हीतलाई अझै बढाउँदै लगिने छ। नेपाली नागरिकहरूलाई विश्वमै शान्तिप्रिय, मैत्रीपूर्ण तथा परोपकारी नागरिकका रूपमा पहिचान गराउँदै सबैलाई विश्वका जुनसुकै देशमा पनि स्वतन्त्र र सहजरूपले भ्रमण गर्न तथा व्यवसाय सञ्चालन गर्न पाउने वतावरण सिर्जना गराइने छ।

*आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,*

संविधानसभाका लागि हुनलागेको आगामि निर्वाचनको सशक्त उपयोग गरी ***जनजागरण पार्टी नेपाल*** देशको राष्ट्रिय राजनीतिमा देखिएको अराजक प्रवृत्तिका विरूद्ध खडा हुनेछ। शान्ति एवं न्यायपूर्ण जीवनको चाहना पूरा गर्ने दिशामा यो पार्टी आदरणीय मतदाताहरूको अपार समर्थन र सहयोग प्राप्त गर्न सफल हुने छ। आसन्न निर्वाचन नेपाली जनता सही, स्वस्थ र सहिष्णु राजनीतिको पक्षमा छन् भनी पुष्टि गर्ने गतिलो अवसर हुनेछ। नेपाली जनता हालको राजनीतिक परिवेशमा मौलाउँदै गएको हिंसात्मक गतिविधिसाथै सबैखाले भ्रष्ट र अनैतिक आचरणका विरूद्धमा छन् भन्ने पुष्टि पनि यस निर्वाचनले दिनेछ। त्यसर्थ नेपाली जनताको मनमा प्रबल बन्दै गएको यही चाहना पूरा गर्ने अभिष्टसाथ यस पार्टीले निम्न विषयहरूलाई मुख्य मुद्दा बनाएको छः

## ११. आसन्न निर्वाचनका मुख्य मुद्दाहरू

***क) राजनीतिक अस्थीरताको अन्त्यः*** पछिल्लो राष्ट्रिय जनआन्दोलनका सम्पूर्ण उपलब्धीहरू अहिले "संक्रमणकाल" को नाममा थाँति राखिएको अवस्था छ। राजनीतिक दलहरू केवल दलीय स्वार्थका लागि र ती दलका नेताहरू आफ्ना निजी लाभका लागि राजनीति गर्ने दाउपेचमा लागिरहँदाको परिणामस्वरूप देशमा अस्थीर राजनीतिको चक्रब्युह बाक्लिँदै आएको हो। यही अस्थीरताको फाइदा उठाउन पल्किएका सबै देशी-विदेशी दलाल, माफिया र तस्करहरूले मुलुकलाई गरीबीको कालो भाँसमा खसाल्ने काममात्रै गरेनन्, तिनले देशलाई सर्वत्र बदनाम पनि गरिरहेका छन्। त्यसकारण, मुलुकलाई अस्थीर राजनीतिको दलदलबाट निकाल्नु सबै दलहरूका लागि अहिलेको प्रमुख मुद्दा बन्नुपर्छ, जसका लागि हरेकले आफ्नोमात्र स्वार्थपोस्ने कुरो मनैबाट मिल्काउनु जरूरी छ। ***जनजागरण पार्टी नेपाल*** यही सवालमा सक्रियतासाथ लाग्ने छ र राष्ट्र तथा राष्ट्रियताको पक्षमा समन्वयकारी भूमिका निर्वाह गर्दै सबै बिखण्डनकारी विचारका विरूद्ध सशक्त खबर्दारी गर्न अग्रसर भैरहने छ।

*ख) मूल्य-मान्यताको राजनीतिः* राजनीतिमा नीति नै मूल मार्गनिर्देशक बन्नुपर्छ। नियम, विधि र नीतिभन्दा माथि कोही पनि हुनुहुन्न। मूल्य-मान्यता, आचार संहिता र पदीय मर्यादामा रहेर काम गर्दा राजनीति स्वच्छ, स्वतन्त्र र गौरवमय बन्छ। हालको राजनीतिमा पदीय मर्यादा र नेतृत्वको नैतिकतामा ह्रास आएको हुनाले राजनीति बदनाम बनेको यस स्थितिमा ***जनजागरण पार्टी नेपाल***ले मूल्य-मान्यता, इमान्दारिता तथा मर्यादापूर्ण राजनीतिक व्यवहारका लागि अग्रणी र उदाहरणीय भूमिका निर्वाह गर्नेछ।

***आदरणीय देशवासी दिदीबहिनी तथा दाजुभाइहरू,***

राजनीतिक सङ्कल्पबाटै मुलुकलाई समृद्ध, सम्पन्न र शक्तिशाली तुल्याउन सकिन्छ। ***जनजागरण पार्टी नेपाल*** मुलुकमा आर्थिक समृद्धि, समानता र सामाजिक न्यायको सुनिश्चतता प्रदान गर्दै लोकतन्त्रलाई दिगो र परिणाममुखी बनाउने राष्ट्रिय अभियानमा अबिरल लम्किरहने छ। यसरी नेपाल राष्ट्रलाई सुसँस्कृत, सुसम्पन्न र समृद्धशाली देशको रूपमा रूपान्तरण गर्ने दर्शनसहित यो पार्टी आदरणीय मतदातासामु आएको छः

## १२. समृद्ध नेपालको परिकल्पना

*क) जनसहभागीतामा राष्ट्र विकासको अभियानः* भौतिक पूर्वाधारको विकासद्वारा आर्थिक चरम उन्नतिको लक्ष्य प्राप्त गर्नका लागि निजी क्षेत्रको उद्यमशीलता र लगानीलाई प्रोत्साहन गर्दै कृषि, वन र स्थानीय प्राकृतिक स्रोत-साधनको उत्पादन, वितरण र उपभोगमा सहकारिता, पर्यटन पूर्वाधारको निर्माण-विकास, शिक्षा, स्वास्थ्य, आवासको ग्यारेण्टी गर्नेजस्ता गरीबी निवारणका राष्ट्रिय परियोजना, यातायात र संचारको व्यापकिकरण, विद्युत उत्पादनका लागि जल-वायुको अधिकतम् उपभोग, उदार एवं खुल्ला अर्थतन्त्र, जनसशक्तिकरणका राष्ट्रिय र स्थानीय परियोजनाहरू द्रुतगतिमा अघि बढाउने गरी आम नागरिक सहभागीतामा आर्थिक प्रगतिको राष्ट्रिय अभियानलाई प्राथमिकतासाथ लागू गरिइने छ।

*ख) कृषि, वन र ग्रामीण विकासमा सहकारिताः* न्युन आर्थिक उत्पादन तथा कम आर्थिक क्षमताका समुदायलाई उकास्ने उपयोगी उपाय सहकारिता हो। निम्न विकास दर रहेका गाउँबस्तीहरूमा सामुहिक लगानीबाट हुने उत्पादन, वितरण एवं उपभोगमा स्थानीय समुदायका सबै मानिसहरूको सहभागीताका लागि प्रेरित गर्दै मुलुकको असी प्रतिशत आर्थिक व्यवहार ओगटेको कृषि तथा कृषिजन्य क्रियाकलापमा साना तथा मझौला उद्योगहरू स्थापना गरिइनेछ। साथै, वन पैदावर, जडीबुटी र स्थानीय प्राकृतिक स्रोतको उत्पादन, प्रशोधन र वितरणमा स्थानीय सहकारिता बढाई आर्थिक तीब्र बृद्धिदर ल्याइने छ।

***ग) गुणस्तरीय व्यवहारिक शिक्षा:*** नीतिगत त्रुटीले गर्दा शिक्षा क्षेत्रमा नराम्रो विकृति मौलाएको हुँदा राष्ट्रिय शिक्षा नीतिमा आमूल परिवर्तन गरी एउटै गुणस्तरको नैतिक एवं व्यवहारिक शिक्षा देशभर लागू गर्नु यस पार्टीको प्राथमिक प्रयत्न हुनेछ ।

***घ) गरीबी न्युनिकरण:*** नेपाल देश चरम आर्थिक उन्नतिका दृष्टिले अनेकौं सम्भवना मौजुद हुँदाहुँदै पनि अति विपन्न देशमा परिणत भई रोजगारी तथा रोजीरोटीका लागि अदम्य शक्तिसहितका युवाहरूलाई बिदेश पठाउनुपर्नेजस्तो अपमानित एवं लज्जित अवस्थामा झर्नु बिडम्बना हो । त्यसर्थ कृषि, जलस्रोत, पर्यटनजस्ता अपार सम्भावनाहरूको पूर्ण उपयोग गर्दै गरीबी न्युनिकरणको उपाय चयन गरिने छ ।

## १३. जनजागरण पार्टी नेपालको प्राथमिकता: मानव विकासका कार्यक्रमहरू

***क) देशको मुहार फेर्न युवा तथा विद्यार्थीहरूको भूमिका:*** विभिन्न शैक्षिक तहमा अध्ययनरत विद्यार्थीहरूलाई राष्ट्रनिर्माणको अभियानमा सक्रिय सहभागी गराउनुपर्छ । मुलुकलाई आमूल परिवर्तनको दिशामा अघिबढाउन युवाशक्ति जहिल्यै अग्रणी भूमिकामा रहनुपर्छ । त्यसर्थ युवा तथा विद्यार्थी वर्गलाई सबैखाले विध्वंसात्मक गतिविधिबाट अलग गराई सकारात्मक सिर्जना, परिवर्तन र रचनात्मक क्रियाकलापमा नेतृत्वदायी भूमिकाका लागि अग्रसर गराउने कार्यक्रम बनाई लागू गर्ने प्राथमिकता ***जनजागरण पार्टी नेपाल***ले चयन गर्नेछ ।

***ख) बेरोजगारी समस्या समाधान:*** बेरोजगारी सबैभन्दा जटिल समस्या बन्दै आएको अवस्थामाथि ध्यान दिई सक्षम-सबल जनशक्तिलाई उचित कामको ग्यारेण्टी राज्यले गर्नुपर्दछ । बेरोजगार जनशक्तिलाई श्रमको अवसर जुटाउनु र काम नपाउँदासम्म बेरोजगार भत्ता उपलब्ध गराउनु राज्यको दायित्व हो । काम, दाम र माम पाउनु मानिसका नैसर्गिक अधिकार हुन्, त्यसर्थ युवा स्वरोजगार राष्ट्रिय कार्यक्रम लागू गरी स्थानीय तहमै रोजगारी व्यवस्थापन गर्न ***जनजागरण पार्टी नेपाल***ले नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ । शिक्षित एवं दक्ष जनशक्ति बेरोजगार रहँदा मुलुकमा आर्थिक प्रगति हुनसक्दैन । युवाहरूलाई श्रम बिक्री गर्नका लागि विदेशिइनु पर्ने अवस्थाबाट मुक्त राख्दै उनीहरूलाई आफ्नै ठाउँमा काम गर्न पाउने वातावरण तयार गरिदिएर राष्ट्रको आर्थिक उन्नति गराउने भियान यस पार्टीले थाल्नेछ ।

***ग) महिला सशक्तीकरण, सुरक्षा र सहभागिता:*** नारी जगत आधा आकाश हो । शदिऔंदेखि अपमानपूर्ण जीवन यापन गर्न बाध्य पारिएका हाम्रा आमा, दिदीबहिनी र छोरी-बुहारीहरूको सामाजिक सुरक्षाको ग्यारेण्टी सिङ्गो नेपाली समाजले गर्नुपर्छ । महिला पुरुषसरह मानव हुन्, पुरुषप्रधान परिवार तथा

समाजका निम्ति प्रयोग हुने साधन होइनन् । महिलाप्रति सम्मान नदिने समाज कुसँस्कृति अँगालेको समाज हो । त्यसर्थ ***जनजागरण पार्टी नेपाल*** महिलामाथि हुने जुनसुकै हिंसा र विभेदको बिरूद्ध खडा हुन्छ । सम्मानजनक समानता महिलाको पक्षमा यस पार्टीले उठाएको माग हो । महिलाले घर-परिवार सम्हाल्नमात्रै होइन समग्र राष्ट्रको निर्माणमा पुरुषसमान उभिइनुपर्छ भन्ने मान्यता यस पार्टीले अधिसारेको छ । अतः महिलाविरूद्ध हिंसा, घरेलु हिंसा तथा लैङ्गिक भेदभावलाई जरैबाट उखेल्नका लागि यस पार्टीले हरेक सामाजिक एवं राष्ट्रिय अभियानमा महिलाहरूको समावेशी, सशक्तीकरण र सुरक्षाको नीतिलाई विशेष जोड दिई अगाडि बढाउने छ ।

घ) ***बालबालिका शान्ति क्षेत्र तथा बालमैत्री कार्यक्रमहरू:*** बालबालिकाहरू भविष्यमा मुलुकको जिम्मेवारी सम्हाल्ने कर्णधार नागरिक हुन् । ***जनजागरण पार्टी नेपाल***ले बालबालिकाहरूमा निहित प्रतिभाको प्रस्फुटन गराउने उद्देश्यले बालमैत्री विकास कार्यक्रमहरू बनाई केन्द्रदेखि स्थानीय स्तरसम्म लागू गर्नेछ । बालबालिकाको हकहितको सुरक्षा र विकासका लागि आवश्यक पूर्वाधारहरू निर्माणतर्फ पनि यस पार्टीको ध्यान रहने छ । बाल मनोविज्ञानअनुसार मानसिक र चारित्रिक शिक्षा लागू गरिइने छ । बालबालिकाहरूलाई तनाव, तोडफोड, हिंसा, हत्या र विनाशकारी गतिविधिहरूको प्रभावबाट मुक्त राख्नका लागि बालमैत्री र बालबालिका शान्तिक्षेत्र कार्यक्रम देशभर लागू गरिइने छ ।

ङ) ***एकल महिला तथा बृद्धबृद्धा संरक्षण कार्यक्रम:*** जनआन्दोलन, द्वन्द्व अथवा अन्य कुनै हिंसात्मक घटनामा परिवारको आडभरोसा वा आयआर्जनको स्रोतका रूपमा रहेका पति वा पिता गुमाउन पुगेका एकल महिला तथा शहीदका परिवारलाई राज्यले आयआर्जनको विशेष अवसर दिनुपर्छ । साथै बृद्धबृद्धा, असक्त तथा दीर्घरोगीहरू आश्रय, उपाचार र पुनर्स्थापना राष्ट्रिय कार्यक्रम बनाई लागू गर्नुपर्छ भन्ने मान्यता ***जनजागरण पार्टी नेपाल***ले लिएको छ ।

**च)** ***आदिवासी र जनजाति उत्थान र सशक्तिकरण: जनजागरण पार्टी नेपाल***ले आदिवासी र जनजातिहरूलाई राष्ट्रिय स्तरमा उकास्दै समान अवसर प्रदान गर्ने कार्यक्रमहरू बनाई लागू गर्नेछ । आदिवासी जनता नेपाल भूमिका सन्तति हुन् र जनजातिहरू आफ्नो छुट्टै जातीय साँस्कृतिक पहिचान कायम राख्दै मुलुकको मूलप्रवाहमा आउन स्वतन्त्र छन् । आदिवासी एवं जनजातिहरूको संस्कृति राष्ट्रको सम्पदा हो । मानव विकास र सभ्यताको प्रत्येक चरणमा आदिवासी तथा जनजाति नेपाली नागरिकहरूको स्वतन्त्र पहिचान कायम रहनुपर्छ र सोही आधारमा उनीहरूको सहअस्तित्व समाजमा स्थापित हुनुपर्छ भन्ने मान्यता यस पार्टीले अधिसारेको छ ।

*छ) उपेक्षित तथा दलितहरूको सम्मानजनक उत्थानः जनजागरण पार्टी नेपाल* सिङ्गो मानव समाजबाट उपेक्षापूर्ण तीतो अनुभूतिमा बाँच्न बाध्य पारिएका मानिसहरूको साँचो उद्धारका निम्ति समर्पित रहने छ। "दलित" शब्द आफैमा कलङ्क पोतिएको पहिचान दिलाउने शब्द भएको हुँदा यसलाई नेपाली समाजको शब्दसूचीबाटै हटाउने अभियान सफल पार्न यो पार्टी लागिरहने छ। नेपाली समाजबाट सबैखाले भेदभाव र छुवाछुतको अन्त्य गर्ने अभियानबाट प्रत्येक मानिसलाई समानरूपमा सम्मानजनक जीवनोत्थान गराइने छ। त्यस्तो उपेक्षित पहिचानमा बाँच्न बाध्य पारिएका मानिसहरूलाई शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष अवसर सुनिश्चित गरिदिएर उनीहरूको समग्र उत्थान गर्ने राष्ट्रिय कार्यक्रम यस पार्टीले प्राथमिकतासाथ लागू गर्नेछ।

*ज) अल्पसङ्ख्यक, सीमान्तकृत तथा पिछडिएको वर्गः* अल्पसङ्ख्यक, सीमान्तकृत तथा सामाजिक-आर्थिक अवसरहरूबाट बञ्चित गराइएका व्यक्ति-परिवार तथा समुदायहरूको ***जनजागरण पार्टी नेपाल*** सदा हिमायति रहिरहने छ। सबै अल्पसंङ्ख्यक, सीमान्तकृत तथा पिछडिएका मानिसहरूको हक-हित सुनिश्चित हुनुपर्छ। कमैया, वादी तथा अन्य सीमान्तकृतहरूलाई पनि विशेष अवसर प्रदान गरेर राष्ट्रिय जीवनको मूलधारमा ल्याउनु आजको आवश्यकता हो भन्ने कुरा ***जनजागरण पार्टी नेपाल***को मान्यता छ। यसैले तिनीहरूको अधिकार, सामाजिक सुरक्षा र विकासलाई प्राथमिकताका साथ सुनिश्चित गरिनेछ। उनीहरूलाई सामाजिक मूलप्रवाहमा समेट्नु तथा पिछडिएका वा पछिपारिएका व्यक्ति, समुदाय वा वर्गको सामाजिक-आर्थिक स्तर उकास्नु समावेशी लोकतन्त्रको मुख्य सिद्धान्त हो। यो पार्टी उनीहरूको सीप, साधन, स्रोत र जनशक्ति राष्ट्र निर्माणमा लगाउने र राष्ट्रिय प्रतिफलको उपभोगमा समान अधिकार दिलाउने अवस्थाको ग्यारेण्टी गर्दछ।

*झ) भूमिहीन तथा अव्यवस्थित सुकुम्बासीहरूका लागि आवास र कामको ग्यारेण्टीः* सम्पूर्ण नेपाली नागरिकले नेपाली भूमिमाथि सम्मानजनक स्वामित्व प्राप्त गर्न पाउनुपर्छ। भूमिहीन नेपाली नागरिकहरूको वास्तविक पहिचान गरी बसोबासको ग्यारेण्टी गरिदिनु राज्यको दायित्व हो। भूमिहीन मजदुर किसान तथा अव्यवस्थित सुकुम्वासीका समस्याहरूलाई राष्ट्रिय समस्याका रूपमा स्वीकार गरेर उनीहरूका सबैखाले समस्याको दीगो समाधानका व्यवहारिक सिद्धान्त तथा उपायहरू सम्बन्धमा भए-गरिएका सोध-अनुसन्धान र प्रकाशित सिद्धान्तहरूको उपयोग गर्दै यस क्षेत्रका विज्ञहरूकै अगुवाइमा कार्यक्रम लागू गरिइने छ। उनीहरूमा विद्यमान जीविकोपार्जनको मुख्य समस्याको दीगो समाधानका लागि खेतीयोग्य जमिनमा सामुहिक-व्यवसायिक खेती वा पशुपालन

गर्ने, औद्योगिक क्षेत्रमा मजदुरी गर्ने वा बजार क्षेत्रमा लघुव्यापार गर्ने अवसर र सुबिधा जुटाई दिएर आवासका लागि जमीन उपलब्ध गराउने कार्यक्रम ***जनजागरण पार्टी नेपाल***ले लागू गर्नेछ ।

***ञ) तराई-मधेशको समानुपातिक विकासः*** तराई-मधेश नेपालको सबैभन्दा बढी मिश्रित जनसंख्या संरचना रहेको क्षेत्र हो । अति विपन्न, उपेक्षित, अपठित् तथा पिछडा वर्गदेखि लिएर अत्यन्तै सुबिधासम्पन्न मानिसहरूको मिश्रित उपस्थिति सो क्षेत्रमा विद्यमान छ । ती दुवै वर्गका समुदायहरूप्रति न्यायपूर्ण र भेदभावरहित व्यवहार हुनुपर्दछ भन्ने मान्यतामा आधारित राष्ट्रिय कार्यक्रम ***जनजागरण पार्टी नेपाल***ले लागू गर्नेछ ।

***ट) शारीरिक दूर्बलता वा अपाङ्गता भएका मानिसहरूका समस्याको सही सम्बोधनः*** शारीरिकरूपमा अपाङ्गता वा असक्तता भएर पनि मानसिकरूपमा सबल र सक्षम हाम्रा मानिसहरूबाट राष्ट्रनिर्माणको अभियानमा अमूल्य योगदान रहन सक्दछ । यस्तो अवस्थाका मानिसहरू समाजका निम्ति बोझ होइनन् बरू उनीहरू सामाजिक आमूल परिवर्तनका अग्रणी अभियन्ता ठहरिन सक्छन् । त्यसर्थ हाम्रा ती दाजुभाइ-दिदीबहिनीहरूलाई विशेष अवसर प्रदान गरी राष्ट्रिय राजनीति, आर्थिक, शिक्षाजस्ता क्षेत्रहरूमा अग्रसर गराउने नीति ***जनजागरण पार्टी नेपाल***ले अँगाल्नेछ । सम्पूर्ण शारीरिक अपाङ्गहरूको समाजमा सम्मानजनक रूपमा बाँच्न पाउने अधिकार सुनिश्चत गर्दै उनीहरूका न्यूनतम आवश्यकता पूरा गर्न यो पार्टी सदैव अग्रसर रहिरहने छ ।

***ठ) द्वन्द्व पीडित तथा शहीद परिवार, विस्थापित तथा आन्तरिक शरणार्थीहरूको पुनर्स्थापना कार्यक्रमः*** द्वन्द्वका कारण विस्थापित भएका आन्तरिक शरणार्थीहरूले आफ्नो नियतस्थानमा फर्कन पाउने अधिकारको सम्मान गर्दै राज्यले आवश्यक पहल गर्नुपर्छ । तिनीहरूका निम्ति तत्कालिन वसोवासको व्यवस्था गर्नु पनि राज्यको दायित्व हो । द्वन्दकै कारण शहादत प्राप्त गर्ने चीरस्मरणीय शहीदहरूको सम्झनामा वर्षको एकदिन शहीद दिवस मनाएर होइन, बरू उनीहरूका परिवारजनका आवश्यकताहरूप्रति उचित ख्याल राखेर उनीहरूप्रति साँचो सम्मान हुनसक्दछ । राजनीतिक द्वन्द्वबाट प्रभावित एवं पीडित भई आन्तिरिकरूपमा शरणार्थी जीवन बाँच्न बाध्य भएका नेपाली नागरिकहरूको जिम्मेवारी राज्यले लिनुपर्छ । उनीहरूलाई पुनर्स्थापित गराउनका लागि ***जनजागरण पार्टी नेपाल*** प्रयत्नशील रहने छ ।

***ड) ज्येष्ठ नागरिक सम्मानः*** ज्येष्ठ नागरिकहरूको परिपक्व अनुभवलाई राष्ट्र निर्माणको अभियानमा नमूनाका रूपमा ग्रहण गर्नु नै उनीहरूप्रति साँचो सम्मान व्यक्त गर्नु हो । उनीहरूको बृद्धावस्था तथा असक्त अवस्थामा निजकै पारिवारका सदस्यहरूलाई नै नैतिकरूपमा जिम्मेवार ठहऱ्याउने शिक्षा प्रदान गरी आफ्नै

घरमा आफ्ना छोराबुहारी तथा नातिनातिनाहरूमाझ बाँकी जीवन सुरक्षितसाथ व्यतित गर्ने सहज सामाजिक संस्कार कायम राख्न सबै नागरिकलाई प्रेरित गरिइने छ।

## १४. राष्ट्र निर्माण–विकासको अभियान

*क) यातायात पूर्वाधार:* देशको सर्वाङ्गीण विकासको अभियानमा यातायात नै विकासको मुख्य पूर्वाधार मानिन्छ। भौतिक पूर्वाधारमा यातायात पहिलो खुड्किलो हो। मुलुकलाई समृद्धितर्फ डोऱ्याउन सडक, जल, हवाइ, तार र रेलजस्ता सबै मार्गहरूको निर्माण तथा उपभोग गर्नुपर्छ। यातायातको सुबिधाले मानिसहरूलाई एक ठाउँबाट अर्को ठाउँमा जान, सम्पर्क स्थापित गर्न, व्यापार व्यवसाय संचालन गर्न, नागरिक सुरक्षा प्रदान गर्न सहज बनाउँछ। सुरक्षित, सुलभ र सुबिधायुक्त  यातायात र सञ्चारको विकास गर्ने राष्ट्रिय अभियानको नेतृत्व ***जनजागरण पार्टी नेपाल***ले लिनेछ। अत्याधुनिक प्रविधियुक्त शहरी विकासमा ध्यान दिँदै, दूर्गम ग्रामीण क्षेत्रजोड्ने मोटरबाटो, तराईका समतल भागहरूमा रेलवे, पहाडी भू-भागमा सुरूङ मार्गहरू, झोलुङ्गे तथा पक्की पुलहरू, हवाइमैदानहरू निर्माण गर्ने गुरूयोजना तयार पारी कार्यान्वयन गर्नमा यस पार्टीले विकास पूर्वाधारको प्राथमिकता तोक्ने छ।

*ख) पर्यटन उद्योग:* नेपालको आर्थिक विकासमा पर्यटन क्षेत्रको अहम् भूमिका छ। पर्यटन क्षेत्रलाई उद्योगका रूपमा विकास गर्न हामीले हरेक सम्भावनाहरूको उपयोग गर्नुपर्दछ। नेपालको प्राकृतिक सम्पदा, कलाकौशल, गौरवमय इतिहास र संस्कृति पर्यटकीय आकर्षणका प्रमुख केन्द्रहरू हुन्। अहिलेसम्म आन्तरिक तथा बाह्य पर्यटनका दृष्टिले ओझेलमै रहेका क्षेत्रहरूको पहिचान गरी ती ठाउँहरूको विकास गर्नमा यस पार्टीले राष्ट्रिय नेतृत्व बहन गर्नेछ।

*ग) जलविद्युतको विकास अभियान:* नेपालमा रहेको अपार जलस्रोतको व्यापक सदुपयोग हुन सकिरहेको छैन। देश विकासको लागि जलविद्युत ज्यादै महत्वपूर्ण उर्जा भएकाले यसको उचित प्रवर्धन, विकास र वितरण गर्नु अपरिहार्य छ। वातावरणीय सन्तुलन र प्राकृतिक सुन्दरतालाई अक्षुण्ण राखी ठूला, मझ्यौला र साना जल विद्युत परियोजना सञ्चालन गर्नुपर्ने कुरामा ***जनजागरण पार्टी नेपाल*** खूबै महत्व दिन्छ। जल-विद्युतको अधिकतम उत्पादन गरी विश्वस्तरमा प्रयोगमा ल्याइएका अति उच्च क्षमताका  यन्त्र-उपकरण र प्रविधि देशमा भित्र्याएर राष्ट्रलाई धनी बनाउने योजना यस पार्टीले अङ्गीकार गरेको छ।

*घ) औद्योगिक विकास:* औद्योगिकीकरणबिना आर्थिक विकासमा गतिलो फड्को मार्न सकिन्न। यहाँ उद्योगहरूको विकास हुन नसकेको मात्र होइन, कतिपय

उद्योगहरू बन्द गर्नुपरेका उदाहरण हामीसामु छन् । उद्योगहरूको विकास तथा सुरक्षाका लागि सरकारी नीति अनुकूल नभएको हुनाले औद्योगिकीकरणमा राम्रो परिणाम हासिल गर्न नसकिएको हो भन्ने ***जनजागरण पार्टी नेपाल***को ठहर छ । त्यसकारण लगानीकर्ता उद्यमी र श्रमिक वर्गका पारस्परिक हक-हितको सम्बर्धन र सुरक्षा गर्दै पूँजीमा उचित प्रतिफल सुनिश्चित हुने औद्योगिक वातावरण कायम राखी बन्द-हड्ताल, घेराउ, तालाबन्दीजस्ता प्रत्युत्पादनमुखी क्रियाकलापहरूलाई निरूत्साहित गर्ने नीति तथा कार्यक्रम यस पार्टीले कार्यान्वयनमा ल्याउने छ ।

ङ) ***कृषि विकास तथा खाद्यान्न सुरक्षा व्यवस्थाः*** कृषिमा आधुनिकीकरणयुक्त सहकारीताले किसानहरूलाई उच्चतम प्रतिफल प्राप्त गर्न सक्षम बनाउने छ । आधुनिक औजार तथा प्रविधिले उत्पादकत्व बढाउँछ, त्यसबाट उत्पादित कृषि उपजको द्रुत वितरणका लागि पनि आवश्यक माध्यम प्रदान गर्दछ । अतः ***जनजागरण पार्टी नेपाल***ले कृषिको आधुनिकीकरणका साथै किसानका आवश्यकता र आर्थिक सुरक्षाको लागि कृषि सहकारी कार्यक्रमहरू निर्माण गरी लागू गर्नेछ ।

च) ***सामुदायिक विकास अभियानः*** नेपाल निरन्तरजसो राजनीतिक खिचातानी, कलह, झगडा र द्वन्द्वको चपेटामा जकडिँदै आएको छ। यस अवस्थामा राष्ट्रलाई अगाडि बढाउन नयाँ सामुदायिक विकासको अभियान अघि बढाउनुपर्छ। “हामी सबै नेपाली एउटै समुदायका सदस्य हौं” भन्ने भावना आत्मसात् गरी आफ्नो ठाउँ आफै बनाउने साझा कार्यक्रममा सबै सरिक  हुनुपर्छ । जनताको सामुहिक सहभागीताबिनाको विकास कार्यक्रम दीगो हुनसक्दैन । त्यसकारण विकासको खाँचो, प्रयास र प्रतिफल पनि स्थानीय मानिसहरूको आफ्नै सहभागीतामा हुनुपर्छ भन्ने धारणा अघिसार्दै सामुदायिक विकास अभियानको नेतृत्व ***जनजागरण पार्टी नेपाल***ले बहन गर्नेछ ।

छ) ***पिउनेपानी, सरसफाई तथा सिँचाइको सहज आपूर्ति व्यवस्थाः*** नेपालका नदीनाला, तालतलैया तथा भू-मूलबाट उपलब्ध हुने अथाह जलभण्डार छ । जलस्रोतको प्रचुर उपलब्धतालाई पिउनेपानीका रूपमा विकास गरी देशलाई पानीको समस्याबाट मुक्त गर्नुपर्छ । पानीको अपार स्रोतलाई सिँचाइको विकास गरी खेतीबालीमा लगाउनुमा प्राथमिकता तोक्नुपर्छ । उपलब्ध जनशक्ति तथा विशेषज्ञताको सदुपयोग गरी सम्पूर्ण नागरिकलाई स्वस्थ पिउने पानीको सुलभ वितरण व्यवस्था र अत्याधुनिक प्रविधिमार्फत् कृषकहरूलाई सिँचाइ सुविधा उपलब्ध गराउँदै कष्टकर जीवनलाई सहज तुल्याएर कृषिमा “हरियाली क्रान्ति” ल्याउन सकिन्छ भन्ने विश्वास यस पार्टीले लिएको छ ।

***ज) वन, वन्यजन्तु, काष्ठ, जडीबुटी, खनिज तथा प्राकृतिक स्रोत र साधनको सम्बर्द्धन, विकास र उपयोगः*** नेपाल देश सम्पूर्ण प्राकृतिक स्रोत-साधन, वन तथा भूगर्भमा रहेका अपार सम्पत्तिहरूले सुसज्जित छ । यिनको सम्बर्द्धन, विकास, संरक्षण तथा उपभोगमा सम्पूर्ण नेपाली नागरिकको सहभागिता सुनिश्चित गर्दै राष्ट्रलाई नै समृद्ध तुल्याउने योजना ***जनजागरण पार्टी नेपाल***ले तय गरी लागू गर्नेछ ।

***झ) विज्ञान तथा प्रविधिको विकास र वितरणः*** अन्तरराष्ट्रिय स्तरमा विकास गरिसकिएको अत्याधुनिक प्रविधिमा संसारका सबै राष्ट्रहरूको समुन्नतिका लागि समान उपभोगको अवसर प्रदान गर्नुपर्दछ भन्ने मान्यतामा ***जनजागरण पार्टी नेपाल*** खडा हुन्छ । नेपाल राष्ट्रलाई सभ्य, आधुनिक, सुबिधासम्पन्न, सबल र प्रतिस्पर्धी तुल्याउन यस पार्टीले अथक प्रयास गर्नेछ ।

***ञ) बेरोजगारी एवं गरीबी निवारण कार्यक्रमः*** मानवीय विकासको मार्गमा प्रमुख समस्याको रूपमा गरीबी विद्यमान छ । गरीबी समस्या न्युनिकरण गर्ने दिशातर्फ उन्मुख आर्थिक विकासका कार्यक्रमहरूलाई प्राथमिकतासाथ अघिबढाउँदै, सहकारी तथा स्वरोजगारी सम्भाव्यता पहिल्याउँदै र आन्तरिक एवं बाह्य रोजगारीका अवसर वृद्धि गर्ने विशेष गुरूयोजना बनाई लागू गरिइने छ ।

***ट) आधुनिक ग्रामीणीकरण र व्यवस्थित शहरीकरण अभियानः*** ग्रामीण क्षेत्रलाई आधुनिक प्रविधियुक्त बनाउँदै शहरीकरणउन्मुख क्षेत्रहरूलाई व्यवस्थित बस्ती विकास योजनाअनुसार यातायात, बिजुली, खानेपानी, सञ्चार, पर्यटनजस्ता सुबिधाहरू अनुकुल तुल्याउने कार्यक्रममा ***जनजागरण पार्टी नेपाल*** सक्षमतापूर्वक सरिक हुनेछ ।

***ठ) खेलकूद विकासः*** खेलकूदको विकासमा उचित ध्यान दिँदै स्वस्थ एवं मनोरञ्जनपूर्ण जीवनको अवसर जुटाउन ***जनजागरण पार्टी नेपाल*** राष्ट्रिय कार्यक्रम बनाएर अघिबढ्ने छ । खेलकूदका सुबिधा एवं पूर्वाधार विकासमा उचित ध्यान दिइने छ र यस क्षेत्रमा युवाहरूलाई उत्प्रेरणा, हौसला दिने वातावरण सिर्जना गरी राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा नेपालको छवि उकास्ने कार्यमा यस पार्टीको खास अभिरूची रहने छ ।

## १५. जनजागरण पार्टी नेपाललाई मतदान किन ?

- नयाँ संविधान निर्माणका लागि यो आमनिर्वाचन भैरहेको हो, तापनि अहिले राजनीतिक दलहरूले प्रदर्शन गरिरहेको दलकेन्द्रित राजनीतिसाथै मुलुकले सक्षम, कर्तव्यनिष्ठ र इमान्दार राजनेता पाउन नसकिरहेको अवस्थामा नयाँ संविधान निर्माणको प्राथमिकता फेरि पनि ओझेलमा पर्ने प्रायनिश्चित भएको हुँदा नेपाली राजनीतिमा सहभागी सबै दलहरूसित समन्वयकारी र मध्यस्थकर्ताको भूमिका निर्वाह गर्दै मुलुकलाई नयाँ संविधान दिलाउने लक्ष्यतर्फ सम्पूर्ण राजनीतिक गतिको नेतृत्व बहन गर्न,

- आसन्न निर्वाचनबाट कुनै पनि दलले प्रष्ट बहुमत ल्याउन सक्ने भरपर्दो अवस्था देखिएको छैन । त्यसो हुँदा फेरि पनि दलहरू सरकार गठन-विघटनकै बेइमानीपूर्ण खेलमा लाग्नसक्छन्, जनताको मत लिएर पहुँचमा पुगेका नेताहरूले मौकावादी बनेर नैतिकताहीन एवं निर्लज्जतापूर्ण चलखेल गर्नसक्छन् र कहिल्यै देशको भलो नचाहने भ्रष्टचारी, तस्कर, माफिया, कालोबजारी एवं आतङ्ककारी आततायीहरूले राजनीतिक अस्थीरताको आडमा अनेकन आपराधिक क्रियाकलापहरू दोहोर्‍याउन सक्छन् । ***जनजागरण पार्टी नेपाल*** साँचो अर्थमा मूल्य-मान्यता तथा नैतिकताको राजनीतिक अगुवा बन्नेछ र राजनीतिको आडमा हुने-गरिइने सबैखाले अनैतिक एवं आपराधिक क्रियाक( लापहरूलाई निरूत्साहित र निस्तेज गर्नका लागि सशक्त भूमिका निर्वाह गर्न,

- राष्ट्रिय राजनीतिमा राष्ट्रवाद, सेवाभाव र सहिष्णुता फितलो बन्दै आएको, न्याय, नैतिकता र परोपकार किनारा लगाइएको, अनि समानता, सद्भाव र सामुहिक समृद्धिको लागि हुने हरेक प्रयत्नको गला घोटिएको अहिलेको अवस्थामा जिम्मेवारपूर्ण राजनीतिक अभियानको अगुवाइ गर्दै मुलुकबाट गुमिसकेका सबै असल तत्वहरूको पुनस्थार्पना गर्दै नेपालीमात्रको अति प्यारो मातृभूमि नेपाललाई **सुन्दर, शान्त र समृद्ध राष्ट्र नेपाल** बनाउने दर्शन पूरा गर्नका लागि ***जनजागरण पार्टी नेपाल*** चुनावी मैदानमा तपाईंसामु भोटमाग्न आएको हो ।

## १६. जनजागरण पार्टीका नाराहरू

- शिक्षा, स्वास्थ्य र उद्योग – रोजगारी, सडक र सहयोग ।
- राष्ट्रियतासहितको संघीयता – संघीयतासहितको नयाँ संविधान ।
- हामी सबै नेपाली, एकै ईश्वरका समान सन्तति – विभेदरहित नेपाली समाज निर्माण गरौँ ।
- हिमाल, पहाड र तराई-मधेश अखण्ड राष्ट्र नेपाल ।
- सबै जाति, भाषाभाषी, लिङ्ग, वर्ण र धर्मको–समान स्थान कायम राखौं, देश हो हामी सबैको ।
- नागरिकहरूको समावेशी, समतामूलक समाज निर्माण गर्न पूर्णधार्मिक स्वतन्त्रतासहितको धर्मनिरपेक्षताको भावनाअनुसार व्यवहार गरौँ ।
- लोकतन्त्र, मानवअधिकार र विधिको शासनको पक्षमा अटल भई खडा होऔँ ।
- हामी सबै नमूनायोग्य जीवन बाँचौं र आफ्ना छिमेकीलाई निःस्वार्थ सेवा गरौँ ।
- जनजागरण पार्टी, नेपाल जिन्दावाद ।

**त्यसर्थ,**

*हिंसामुक्त, शान्तिप्रिय, न्यायपूर्ण र मूल्य-मान्यताको राजनीतिक अभ्यासबाट राष्ट्रिय स्वाभिमान उकास्न, साथै कानूनी राज्य, सुशासन र विकासका लागि **'टर्च लाइट'**मा मतदान गरी **जनजागरण पार्टी नेपाल**लाई विजय दिलाउनुहुन सम्पूर्ण न्यायप्रेमी देशवासीहरूसमक्ष हार्दिक अपील गर्दछौं ।*



***हिंसामुक्त, शान्तिप्रिय, न्यायपूर्ण र मूल्य-मान्यताको राजनीतिक अभ्यासबाट राष्ट्रिय स्वाभिमान, कानूनी राज्य, सुशासन र विकासका लागि जनजागरण पार्टी नेपाललाई 'टर्चलाईट'मा मतदान ।***

# जनजागरण पार्टी नेपाल

**केन्द्रीय कार्यालय, ललितपुर फोन. ०१-५५४७३०४**
E-mail: janajagaranparty@gmail.com
Webpage: www.jpn.org.np
Facebook: Janajagaran Party Nepal